# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १३७ | काठमाडौं | आइतबार, २२ भदौ २०८२ | Prabhab National Daily | Sunday, 07 September 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## बजेट सार्वजनिक नगरी गैरकानुनी खर्च गर्दै ५८ स्थानीय तह

■ प्रभाव संवाददाता




- सबैभन्दा धेरै मधेस प्रदेशका ४० वटा स्थानीय तहले ल्याएनन् बजेट
- कोशी प्रदेशका चार, बागमती प्रदेशका चार, लुम्बिनी प्रदेशका छ, कर्णाली प्रदेशका तीन र सुदूरपश्चिम प्रदेशको एक स्थानीय तहबाट पनि बजेट कानुनको उल्लंघन
- राजनीतिक विवाद र स्थानीय समस्याका कारण बजेट प्रस्तुत गर्न नसकेको भनाइ

**काठमाडौं–** चालु आर्थिक वर्षको दोस्रो महिना बित्न लाग्दा ५८ वटा स्थानीय तहले बजेट सार्वजनिक नगरी बजेट कानुनको उल्लंघन गरेका छन् । कानुनतः स्थानीय तहको बजेट गत असार १० गते सार्वजनिक गरी असार मसान्तभित्र पारित गरिसक्नुपर्ने हो । पालिकाको सभाबाट पारित बजेट साउन १ गतेबाट कार्यान्वयन गर्नुपर्ने प्रावधान छ ।


तर ती स्थानीय तहले हालसम्म बजेट सार्वजनिक नगरी खर्च गरिरहेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जानकारी दिएको छ । बजेट पारित नगरी गरिने खर्च गैरकानुनी मानिन्छ । मन्त्रालयका अनुसार कूल ७५३ स्थानीय तहमध्ये ६९५ स्थानीय तहले बजेट सार्वजनिक गरी कार्यान्वयन गरेका छन् ।

बजेट सार्वजनिक नगरेका ५८ वटा स्थानीय तहमध्ये सबैभन्दा धेरै मधेस प्रदेशका ४० वटा छन् । संघीय मामिला मन्त्रालयका अनुसार कोशी प्रदेशका चार, बागमती प्रदेशका चार स्थानीय तहले हालसम्म बजेट प्रस्तुत गरेका छैनन् । राजनीतिक विवाद र स्थानीय समस्याका कारण ती स्थानीय तहले बजेट प्रस्तुत गर्न नसकेको पाइएको छ ।

क्रमशः पृष्ठ २ मा

# ‘स्टालिनपथ’मा ओली
# विरोधीको राजनीतिक ‘सफाया’

- जारी विधान महाधिवेशनमा कर्ण थापालाई फरक मत राख्नै बन्देज, ईश्वर पोखरेललाई पहिल्यै बन्देज
- फरक मत ओलीलाई अस्वीकार्य, आलोचकको पद नै हटाउने र कारबाही गर्ने बाटोमा ओली
- तेस्रो अध्यक्षको लाइनमा प्रतिस्पर्धीविहीन बन्दै ओली



> उहाँ (कर्ण थापा) आफ्नो ग्रुपमा जानुहुन्छ, यहाँनिर बोल्नु आवश्यक छैन, उहाँले 'कन्भिन्स' गर्ने मलाई नै हो । उहाँ र म तीन घण्टा बसेको अस्ति राति ।
>
> ■ केपी शर्मा ओली
> अध्यक्ष, नेकपा एमाले



> कम्युनिस्ट पार्टीमा फरक मतलाई स्थान दिइन्छ, बर्जित गरिँदैन । त्यसका लागि पुष्पलाल श्रेष्ठ, डा. केशरजंग रायमाझी, तुलसीलाल, मनमोहन अधिकारीको फरक राजनीतिक प्रस्ताव हेरे पुग्छ । तर अहिले एमालेमा त रोकेको देख्छु, बरू लोकतन्त्र नै छैन भने भयो नि !
>
> ■ प्रा.डा. लोकराज बराल
> राजनीतिशास्त्री

■ जेबी योञ्जन

**काठमाडौं–** प्रधानमन्त्रीसमेत रहेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको तुलना ‘स्टालिन’सँग हुने गरेको छ । पछिल्लो केन्द्रीय कमिटी बैठकपछि पार्टी उपाध्यक्ष सुरेन्द्र पाण्डे बारम्बार ओलीलाई स्टालिनसँग दाँज्छन् ।

स्टालिन तत्कालीन सोभियत संघका सर्वोच्च नेता हुन् । उनले पार्टीका १३९ सदस्यमध्ये आफ्ना विरोध गर्ने ९३ जनाको हत्या गराएका थिए । उनै क्रुर, निरंकुश र तानाशाही प्रवृत्तिका शासक स्टालिनसँग ओलीको तुलना हुने गरेको छ ।

खासगरी पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीका लागि पार्टी राजनीतिमा ढोका बन्द गरेपछि यति चर्को टिप्पणी भएको हो । ओलीलाई पार्टीमा फरक मत राख्ने र उनको कार्यशैलीलाई लिएर आलोचना गर्ने जो कोही नेताको राजनीति नै समाप्त पार्ने गरेको आरोप छ । विरोधीको जरै उखेल्ने प्रवृत्ति ओलीमा देखिन्छ ।

ललितपुरको गोदावरीस्थित सन्राइज हलमा जारी विधान महाधिवेशनमा पनि स्थायी कमिटी सदस्य कर्ण थापाको फरक मतलाई ओलीले निषेध गरिदिएका छन् । कार्यसूचीबाटै थापाको फरक मतलाई ओलीले हटाइदिए । जबकि, फरक मत राख्न थापा ३० मिनेटसम्म हलमा उभिए । यसअघि ३२ पृष्ठ लामो उनको फरक मत केन्द्रीय कार्यालयमा दर्ता गरिएको थियो, जहाँ पूर्वराष्ट्रपति भण्डारीलाई राजनीतिमा आउन प्रतिबन्ध गरे पार्टीका लागि प्रत्युत्पादक हुने थापाको निष्कर्ष थियो । पार्टीभित्रको आन्तरिक लोकतन्त्र कमजोर भएको उल्लेख थियो । सोही फरक मतलाई ओलीले जारी विधान महाधिवेशनमा बन्देज लगाएका हुन् ।

ओलीले भने थापाले आफूलाई ‘कन्भिन्स’ गर्न नसकेको बताएका छन् । थापासँग तीन घण्टा छलफलसमेत बसेको भन्दै अब समूहगत छलफलमा फरक मत लैजान भनिएको बताए । ओलीको भनाइ उद्धृत गर्दै महाधिवेशनमा सहभागी एक नेताले प्रभावसँग भने, ‘उहाँ (थापा) आफ्नो ग्रुपमा जानुहुन्छ, यहाँनिर बोल्नु आवश्यक छैन, उहाँले कन्भिन्स गर्ने मलाई नै हो । उहाँ र म तीन घण्टा बसेको अस्ति राति ।’


क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# बोर्डबाट आर्थिक सहायता लिने बढ्दै

## गत आवमा सबैभन्दा बढी १५१७ जना मृतकका परिवारलाई क्षतिपूर्ति

■ प्रभाव संवाददाता




पछिल्लो पाँच आर्थिक वर्षमा वैदेशिक रोजगार बोर्डबाट आर्थिक सहायता लिनेको संख्या । *स्रोतः वैदेशिक रोजगार बोर्ड*

**काठमाडौं–** वैदेशिक रोजगारीमा मृत्यु भएकाको परिवारका सदस्यलाई दिइने आर्थिक सहायता लिने संख्या बढ्न थालेको छ । गत आर्थिक वर्ष २०८१/८२ मा यस्तो सहायता एक हजार ५१७ जनाका परिवारले लिएका छन् । यो एक आर्थिक वर्षमा वैदेशिक रोजगार बोर्डबाट लिइएको सबैभन्दा धेरै सहायता हो ।

बोर्डको पछिल्लो पाँच वर्षको तथ्यांकअनुसार आर्थिक वर्ष २०८०/८१ मा एक हजार ३४६ जनाले यस्तो सहायता लिएका थिए । जसमा एक हजार ३०५ जना पुरुष र ४१ जना महिला थिए । त्यस्तै आव २०७९/८० मा एक हजार २७६, २०७८/७९ मा एक हजार ५१२, ०७७/७८ मा एक हजार २४३ र ०७६/७७ मा ६८१ जनाले सहायता लिएको बोर्डको तथ्यांक छ ।

बोर्डले करार अवधिभित्रै या करार अवधि सकिएको एक वर्षभित्र वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु भएका कामदारका परिवारलाई आर्थिक सहायता प्रदान गर्छ । वैदेशिक रोजगार नियमावली पाँचौं संशोधनका अनुसार यस्तो सहायता स्थानीय तहबाट पनि लिन सकिन्छ ।

विगतमा करार अवधि समाप्त भएको एक वर्षभित्र बोर्डमा उपस्थित भए त्यस्ता परिवारका सदस्यलाई सात लाख रूपैयाँ सहायता दिइँदै आएको थियो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गत आर्थिक वर्षबाट मृतकका परिवारलाई दिइने क्षतिपूर्ति बढाएर १० लाख रूपैयाँ पुर्‍याएको छ । पछिल्लो समय बोर्डले प्रदान गर्ने कल्याणकारी सेवाको विषयमा जानकारी विस्तार भएका कारण सहायता लिन आउनेहरू बढेको जनाइएको छ ।

बोर्डले आव २०८१/८२ मा एक हजार ८६, २०८०/८१ मा ९६६, २०७९/८० मा ८१९, २०७८/७९ मा ७९५, २०७७/७८ मा ७७० र २०७६/७७ मा ६८८ जनाको शव ढुवानी तथा झिकाउन सहजीकरण गरिदिएको तथ्यांकमा देखिन्छ । बोर्डले सम्बन्धित देशको दूतावाससँगको सहकार्यमा शव झिकाउनका लागि सहकाय गर्दै आएको जानकारी दिएको छ ।

उक्त अवधिमा वैदेशिक रोजगारी गएका कति श्रमिकको मृत्यु भयो भन्ने यकीन तथ्यांक भने आफूहरूसँग नभएको बोर्डको भनाइ छ । एक वर्षभित्र मृतकका परिवारले लिने आर्थिक सहायताका आधारमै मृतकको संख्या अनुमान गरिँदै आएको बोर्डका अधिकारीहरू बताउँछन् ।

क्रमशः पृष्ठ २ मा







# डेंगी संक्रमणको जोखिम कायमै

**काठमाडौं (प्रस)**– काठमाडौं महानगरपालिकाले डेंगी संक्रमणको जोखिम आगामी कात्तिकसम्म रहने भएकाले थप सचेत रहन आग्रह गरेको छ । पछिल्लो समय कामपाको ३२ वटै वडामा डेंगीका बिरामी बढेका कामपा स्वास्थ्य विभागले जानकारी दिएको छ ।

भदौदेखि आगामी कात्तिकसम्म डेंगी संक्रमणको जोखिक बढी रहेकाले कामपाले थप सचेत रहन आग्रह गरेको हो । पछिल्लो समय कामपा डेंगी संक्रमित पनि बढिरहेकाले यसले महामारीको रूपसमेत लिन सक्ने भन्दै कामपाले अलि बढी नै सचेत रहन आग्रह गरेको कामपा स्वास्थ्य विभागका महामारी रोग रोकथाम तथा नियन्त्रण फोकलपर्सन ऋषिप्रसाद भुसालले जानकारी दिए । भुसालका अनुसार, स्थानीय सरकार वा संघीय सरकारले उक्त रोग नियन्त्रणका लागि यो गरे वा गरेन भन्दा पनि प्रत्येक नागरिकले घरघरबाट डेंगी संक्रमण नियन्त्रणका लागि पहल गरे ठूलो समस्याको सामना गर्नु गर्दैन त्यसैले यसका लागि नागरिक आफैं पनि जिम्मेवार बन्न आवश्यक छ ।

भुसालका अनुसार कार्यक्रममा लामखुट्टे बस्ने स्थानहरू नष्ट गर्ने, माइकिङ गर्ने, नगरवासीलाई सचेत गराउने कामसमेत भइरहेको छ । कामपाले यसअघिबाट नै लामखुट्टेको वासस्थान खोज र नष्ट गर अभियान सञ्चालन गर्दै आएको छ । पानी जम्ने ठाउँमा लामखुट्टेले लार्भा बनाउने भएकाले पानी जम्न नदिन र निरन्तर सरसफाइका लागि जनचेतनामूलक अभियान जारी राखिएको भुसालले जानकारी दिए ।

डेंगीको जोखिम कम गर्न र सावधानी अपनाउन समुदायमा पुगेर सचेतना जगाउने काम भइरहेको छ । 'घरमा भएका गमला, ड्रम, तथा सफा पानीमा डेंगीको लार्भा छन् । घरभित्र नै लामखुट्टे उत्पादन गर्ने कारखाना भइसकेको छ,' भुसालले भने, 'सामान्य जानकारी नहुँदा डेंगी फैलिरहेकाले छ । यसलाई नियन्त्रण गर्न खोज र नष्ट गर अभियान सबैभन्दा उत्तम हुन्छ ।' त्यसका साथै स्कुल-स्कुलमा पुगेर बालबालिकामार्फत डेंगी नियन्त्रणका लागि सचेतनाको कार्यक्रम कामपाले गरिसकेको छ ।

डेंगी भाइरसद्वारा संक्रमित एडिस एजिप्टाई जातको पोथी लामखुट्टेले यो रोग सार्दछ ।

# जलवायु परिवर्तनको प्रभावबारे विश्व सम्मेलन काठमाडौंमा



**काठमाडौं (प्रस)**– जलवायु परिवर्तन र यसको प्रभावसम्बन्धी तीन दिने विश्व सम्मेलन काठमाडौंमा सुरु भएको छ । सिनामंगलस्थित सेन्ट्रल कलेजमा आयोजित सम्मेलनको शनिबार पोखरा विश्वविद्यालयका उपकुलपति प्रा.डा. वेदराज केसीले उद्घाटन गरे ।

सोमबारसम्म चल्ने सम्मेलनमा २१ देशका विज्ञ, वैज्ञानिक र प्राज्ञिक व्यक्तित्वहरू गरी करिब २०० प्रतिनिधि सहभागी रहेको आयोजक सेन्ट्रल कलेजका सहप्राचार्य गणेश बुढाथोकीले जानकारी दिए ।

अर्को आयोजक संस्था एग्रिकल्चर एण्ड इन्भायरोन्मेन्टल टेक्नोलोजी डेभलपमेन्ट सोसाइटी भारतका कार्यक्रम संयोजक डा. वाजिद हसनले सम्मेलनमा करिब ८०० अनुसन्धानपत्र प्रस्तुत गरिने बताए ।

'कार्यक्रममा नौ प्रमुख विषयवस्तु र ७० भन्दा बढी उपविषयमा छलफल हुने छ,' उनले भने, 'जसमा जलवायु विज्ञान, स्मार्ट कृषि, जैविक विविधता, पानीको सुरक्षा, विश्व तापक्रम वृद्धि, कार्बन उत्सर्जन, सामाजिक-आर्थिक सहनशीलता, एआई उपकरणद्वारा जलवायु पूर्वानुमान, प्राकृतिक स्रोत व्यवस्थापन, विपद् जोखिम न्यूनीकरण तथा नीतिगत संरचना समेटिएका छन् ।'

पोखरा विश्वविद्यालयका उपकुलपति केसीले सम्मेलन बौद्धिक विलासमात्र नभई निकासमुखी हुने विश्वास व्यक्त गरे । जलवायु परिवर्तनले विश्वव्यापी प्रभाव परेकोले त्यसलाई न्यूनीकरण गर्न हरेक व्यक्तिले पहल लिनुपर्ने उनको भनाइ छ ।

कृषि तथा वन विज्ञान विश्वविद्यालयका निर्देशक प्रा.डा. निरञ्जन भट्टराईले कुनै एक क्षेत्रको प्रयासले मात्र समाधान ननिस्कने भन्दै सामूहिक पहलको आवश्यकता औंल्याए । संस्कृति विश्वविद्यालय भारतका उपकुलपति प्रा.डा. महादेव क्षेत्रीले जलवायु परिवर्तनको समस्या विश्वव्यापी भए पनि समाधान स्थानीय प्रयासबाट मात्र सम्भव हुने तर्क गरे ।

भारतको पद्मश्री सम्मानले सम्मानित डा. रामचेत चौधरीले 'नेपाल-भारतको हिमाली तराई क्षेत्रमा कृषि जैविक विविधताः विगत, वर्तमान र भविष्य' विषयमा प्रवचन दिएका थिए । उनले खाद्य सुरक्षाको आधार जैविक विविधताको संरक्षण नै भएको र जलवायु सहनशीलतामा यसको प्रमुख भूमिका रहेको उल्लेख गरे ।

सम्मेलनबाट प्राप्त नतिजाले वन र पर्यावरण संरक्षणको क्षेत्रमा, विज्ञानको क्षेत्रमा, नीति निर्माणको क्षेत्रमा र समाजमा दिगो योगदान गर्ने अपेक्षा गरिएको आयोजक सेन्ट्रल कलेजका प्राचार्य पारस श्रेष्ठले बताए ।

पृष्ठ १ बाट क्रमशः

## 'स्टालिनपथ'मा...

पूर्वराष्ट्रपति भण्डारीको पक्षबाट वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले तयार गरेको राजनीतिक प्रस्तावलाई पनि ओलीले बन्देज गरेका थिए । महासचिव शंकर पोखरेलमार्फत भण्डारीको पक्षमा वकालत नगर्न महाधिवेशन प्रतिनिधिहरूलाई निर्देशन दिएका थिए । उसो त विगत हेर्दा ओली पार्टीभित्रका आफ्ना आलोचकलाई निमिटचान्न पार्न चाहन्छन् । त्यस्तै परे पार्टीबाटै हटाइदिन्छन् ।

उनले आफूसँग अध्यक्षमा प्रतिस्पर्धा गर्ने पूर्वउपाध्यक्ष भीम रावललाई पार्टीबाट हटाइदिए । पार्टी निर्णयविपरीत बोलेको भन्दै विन्दा पाण्डे, उषाकिरण तिमल्सिना लगायतमाथि कारबाहीको डण्डा चलाए । कतिपय नेतालाई भूमिकाविहीन बनाए । यी घटनाक्रमले एमालेमा फरक मतलाई पूर्णतः निषेध गरिएको पुष्टि गर्छ ।

नेतृत्वमा प्रतिस्पर्धीविहीनजस्तै देखिएका ओली तेस्रोपटक अध्यक्ष बन्ने बाटोमा छन् । जारी विधान महाधिवेशनले उनलाई फेरि अध्यक्ष हुन मार्गप्रशस्त गर्दै छ । त्यसका लागि उपाध्यक्ष विष्णु पौडेलले शनिबार विधान संशोधन प्रस्ताव पेस गरेको छ, जहाँ अध्यक्षका लागि उमेर हद हटाइएको छ । दुई कार्यकालको प्रावधान पनि संशोधन विधानको प्रस्तावमा छ । विधान महाधिवेशनमा सहभागी पोलिटब्युरो सदस्य महेश बस्नेतले भनेका छन्, '७० वर्षको उमेर हद हटाइयो । यसअघि विधानमा रहेको तर कार्यान्वयन नभएको प्रावधान पूर्णरूपमा खारेज ।'

एमालेमा ओली सर्वेसर्वा छन् । महाधिवेशन भए चुनौती दिन सक्ने भनेकै पूर्वराष्ट्रपति भण्डारीलाई हेरिएको थियो । तर, पछिल्लो केन्द्रीय कमिटी बैठकमार्फत उनलाई एमाले राजनीतिमा प्रतिबन्ध लगाइदिए । अब, पार्टी महाधिवेशन हुँदा उनीसँग अध्यक्षमा भिड्ने नेताका रूपमा वरिष्ठ उपाध्यक्ष पोखरेललाई हेरिएको छ । भण्डारीको कित्तामा उभिएर उनले ओलीका पछिल्ला हरेक कदमको आलोचना गर्दै आएका छन् । यो ओलीलाई मन परेको छैन । त्यसको छाया विधानमासमेत देखिने भएको छ ।

विधानमा अबदेखि 'वरिष्ठ उपाध्यक्ष' नै नराखिने भएको छ । विधान महाधिवेशनमा सहभागी एक नेताका अनुसार पोखरेल खरो विरोधी बनेर आएपछि ओलीले उनको पद नै हटाइदिन लागेका हुन् । उपाध्यक्षहरू युवराज ज्ञवाली, सुरेन्द्र पाण्डे, अष्टलक्ष्मी शाक्य पनि ओलीका कार्यशैलीको समर्थनमा छैनन् । उनीहरू ओलीका आलोचक नै हुन् ।

पूर्वराष्ट्रपति भण्डारीमाथि पार्टी राजनीतिमा गरिएको प्रतिबन्धप्रति अर्का उपाध्यक्ष रामबहादुर थापा पनि असन्तुष्ट देखिएका छन् । यसरी बहुसंख्यक उपाध्यक्ष आफ्नो कदमको विरुद्धमा उभिएपछि ओली विधानमै तीन उपाध्यक्ष राख्ने मनस्थितिमा छन् । सोहीअनुसार उपाध्यक्ष विष्णु पौडेलले उपाध्यक्षको संख्या जारी विधान महाधिवेशनमा प्रस्ताव गरेका छन् । यी आधारमा ओली विरोधीलाई तह लगाउने र आफूअनुकूल विधान बनाउने क्रममा छन् । यसलाई लिएर एमालेमा आन्तरिक लोकतन्त्र गम्भीर संकटमा परेको राजनीतिशास्त्री प्रा.डा. लोकराज बरालको विश्लेषण छ । उनी भन्छन्, 'कम्युनिस्ट पार्टीमा फरक मतलाई स्थान दिइन्छ, बर्जित गरिँदैन । वैचारिक मतभेदलाई स्वीकारिन्छ र त्यसका लागि पुष्पलाल श्रेष्ठ, डा. केशरजंग रायमाझी, तुलसीलाल, मनमोहन अधिकारीको फरक राजनीतिक प्रस्ताव हेरे पुग्छ तर अहिले एमालेमा त रोकेको देख्छु, यसे त लोकतन्त्र नै छैन भने भयो नि !'

यसअघि ओलीले माधवकुमार नेपाल, झलनाथ खनाललगायतका नेतालाई एमालेबाट बाहिरिन बाध्य पारेको आरोप लाग्दै आएको छ । सोही कारण ओलीलाई विरोधी नेताहरूको राजनीतिक 'सफाया' गर्ने नेतृत्वका रूपमासमेत टिप्पणी गरिँदै आएको छ ।

■■■

## बजेट...

गण्डकी प्रदेशका सबै स्थानीय तहले बजेट ल्याउँदा, लुम्बिनी प्रदेशका छ, कर्णाली प्रदेशका तीन र सुदूरपश्चिम प्रदेशको एक स्थानीय तहले बजेट ल्याएका छैनन् ।

भोजपुरको साल्पासिलिछो गाउँपालिका, सुनसरीका इटहरी उपमहानगरपालिका र धरान उपमहानगरपालिका तथा मोरङको सुनबर्षी नगरपालिकाले हालसम्म बजेट सार्वजनिक गर्न सकेका छैनन् ।

मधेस प्रदेशअन्तर्गत सप्तरीका मात्रै पाँच स्थानीय तहले बजेट ल्याएका छैनन् । सिरहाका तीन, धनुषाका १०, महोत्तरी एक, सर्लाहीका पाँच, रौतहटका पाँच, बाराका पाँच र पर्साका पाँच स्थानीय तहले बजेट ल्याएका छैनन् ।

मन्त्रालयको पोर्टलमा सम्बन्धित स्थानीय तहले प्रविष्ट गरेको विवरणअनुसार बागमती प्रदेशअन्तर्गत सिन्धुलीको हरिहरपुरगढी गाउँपालिका, धादिङका खनियाबास र गल्छी गाउँपालिकाले बजेट ल्याएका छैनन् । काठमाडौं महानगरपालिकाले यसअघि नै बजेट प्रस्तुत गरिसकेको भए पनि मन्त्रालयको विवरणमा उल्लेख नभएको देखिन्छ । मन्त्रालयको प्रणालीमा प्रविष्ट नगरेका कारण कतिपयको बजेट नदेखिएको हुनसक्ने मन्त्रालयको भनाइ छ ।

लुम्बिनी प्रदेशको नवलपरासीको पाल्हीनन्दन गाउँपालिका र प्रतापपुर गाउँपालिका, रूपन्देहीको कोटहीमाई गाउँपालिका र सम्मरीमाई गाउँपालिका, कपिलवस्तुको शुद्धोधन गाउँपालिका र दाङको तुल्सीपुर उपमहानगरपालिकाको बजेट सार्वजनिक भएको छैन ।

कर्णाली प्रदेशअन्तर्गत सल्यान जिल्लाको कुमाख, छत्रेश्वरी र दार्मा गाउँपालिकाले बजेट प्रस्तुत नगरेको मन्त्रालयको विवरणमा उल्लेख छ । यस्तै, सुदूरपश्चिम प्रदेशको टीकापुर नगरपालिकाले बजेट प्रस्तुत नगरेको मन्त्रालयको विवरणमा उल्लेख छ ।

संवैधानिक व्यवस्थाअनुसार संघीय सरकारले हरेक वर्षको जेठ १५ गते, प्रदेश सरकारले असार १ गते र स्थानीय तहले असार १० गते बजेट सार्वजनिक गर्नुपर्छ । समयमा बजेट नल्याउनु बजेट कानुनको ठाडो उल्लंघन भएको अर्थविद्हरू बताउँछन् ।

■■■

## बोर्डबाट...

पछिल्लो समय वैदेशिक रोजगारीमा जानेहरूको संख्या बढ्दा मृतकको संख्या पनि बढ्दै गएको छ । बढ्दो क्रममा रहेको मृत्युदरलाई घटाउन आवश्यक पहल गर्नुपर्ने सरोकारवालाहरूको भनाइ छ । विभिन्न आर्थिक वर्षको तथ्यांक हेर्दा रोजगारीमा जानेहरू हृदयघात, सडक दुर्घटना, कार्यस्थल दुर्घटना, आत्महत्या, बिरामी, प्राकृतिक मृत्यु र अन्य विभिन्न कारणले ज्यान गुमाउने गरेका छन् । बोर्डको अध्ययनअनुसार सबैभन्दा बढी श्रमिकको स्वास्थ्य समस्याका कारण ज्यान गएको पाइएको छ ।

### अंगभंग भएकालाई आर्थिक सहायता

बोर्डले रोजगारीका क्रममा अंगभंग भएका तथा गम्भीर बिरामीलाई पनि आर्थिक सहायता दिने गरेको छ । गत आव २०८१/८२ मा ८६७ जनाले यस्तो सहायता लिएका थिए । त्यस्तै, २०८०/८१ मा ६५३, २०७९/८० मा २७९, २०७८/७९ मा २४५ जना, २०७७/७८ मा १४३ जना २०७६/७७ मा २०५ जनाले सहायता लिएका थिए । पछिल्लो छ वर्षमा सबैभन्दा धेरै गत आर्थिक वर्षमा र सबैभन्दा कम आव २०७७/७८ मा यस्तो सहायता लिएको तथ्यांक छ ।


**माइग्रेसन हराएको सूचना**

मिति २०८२/०४/०२ गते नयाँ बसपार्कदेखि चावहिलसम्म जाने क्रममा मेरो माइग्रेसन सर्टिफिकेट हराएको हुदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय तथा मेरो निम्न मोबाइल नम्बरमा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : विनय थापा मगर**
**माइग्रेसन नं.** ५५०८२८
**रजिष्ट्रेसन नं.** ७६२७४५१७३
**सम्पर्क:** ९७६२१०९८०२



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६७/०३/१६ मा दर्ता भएको प्रा.लि.नं. ७३९७४ को **जयदीप इन्टरनेशनल ट्राभल्स एण्ड टुर्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०५/२१**

यस कम्पनीको मिति २०८२/०५/१७ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **मिराकल कन्याम रिट्रिट कम्पनी**को नाममा रहेको सम्पूर्ण चल अचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०५/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **मिराकल चेप्टि रिट्रिट कम्पनी (प्रा.लि.नं. ३७०५२१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/१२/०१ मा दर्ता भएको प्रा.लि.नं. २८६५७१ को **लभ्ली हाइट रिसोर्ट प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**Sunapati Rural Municipality**

**Office of the Municipal Executive**

**Hiledevi, Ramechhap**

**Invitation for Bids**

**Date of publication:7thSep 2025**

1. **Sunapati Rural Municipality, Hiledevi, Ramechhap** has allocated funds or received a grant from ***GoN*** towards the cost of ***Construction of Road Works for Sanjha Khola Bal Ma. Vi. Bhwosa Palika Jane Sadak Starunnati*** and intends to apply part of the funds to cover eligible payments under the Contract for **SUN/W/NCB/02/2082/083.** Bidding is open to all eligible Nepalese Bidders.
2. **Sunapati Rural Municipality, Hiledevi, Ramechhap** invites electronic bids from eligible bidders for the construction of ***Drain, Humepipe, Retaining Wall, Brest Wall and road widening works*** under National Competitive Bidding procedures.

   Only eligible bidders with the following key qualifications should participate in this bidding:

   Minimum Average Annual Construction Turnover of the best 3 Consecutive years within the last 10 years: ***NRs.25440000.00.*** Minimum Work experience of similar size and nature: ***1 with the value of 67.5 lakhs.***
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Sunapati Rural Municipality, Ramechhap and mail at ito.sunapatimun@gmail.com*** or may visit PPMO website www.bolpatra.gov.np.
4. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding document as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np. Bidders, submitting their bid electronically, should deposit the cost **(NRS 3000.00)** of bidding document in the Project's Rajaswa (revenue)account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Sunapati Gaupalika Antarik Rajaswa Khata

   Name of Office: Sunapati Rural Municipality

   Office Code no. 80324506300

   Office Account no.: 0700100000002202

   Rajaswa (revenue) Shirshak no.: 31155
5. Pre-bid meeting shall be held Which is provided in Bid Datasheet.
6. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np. on or before ***12:00*** on ***07 Oct 2025.*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 and 07 Oct 2025*** at the office of ***Sunapati Rural Municipality.*** Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of Nrs.***5,65,000.00*** which shall be valid for 30 days beyond the validity period of the bid ***date.***
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# राष्ट्रपतिले अवलोकन गरे इन्द्रजात्रा



**काठमाडौं (प्रस)-** राष्ट्रपति रामचन्द्र पौडेलले सांस्कृतिक एवं ऐतिहासिक पर्व इन्द्रजात्राको अवलोकन गरेका छन् । इन्द्रजात्राका अवसरमा हनुमाढोका दरबार क्षेत्रस्थित गद्दी बैठकमा पुगेर शनिबार उनले जात्रा अवलोकन गरेका हुन् । राष्ट्रपति पौडेल न्युरोडस्थित जुद्ध सालिकबाट पैदलमार्फत वसन्तपुर दरबारस्थित गद्दी बैठक पुगेका थिए ।

राष्ट्रपति पौडेलसँगै जात्रा अवलोकन गर्न उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री केपी शर्मा ओली, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, सभामुख देवराज घिमिरे, राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहाल, काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साह, नेपालस्थित कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधिहरू, स्थानीय तहका जनप्रतिनिधिलगायत सहभागी भएका थिए ।

जात्राका अवसरमा राष्ट्रपति पौडेलले श्रीगणेश, श्रीभैरव र श्रीकुमारीको रथमा फूलमाला एवं दक्षिणा चढाएर यात्रा गराउने अनुमति दिएका थिए । त्यसपछि श्रीगणेश, श्रीभैरव र श्रीकुमारीको रथयात्रा सुरु गरिएको थियो । भाद्र शुक्ल द्वादशीका दिन बिहीबार बिहान हनुमानढोका दरबार क्षेत्रमा इन्द्रध्वजोत्थान गरी सुरु भएको इन्द्रजात्राको शनिबार मुख्य दिन हो ।

शनिबार तल्लोटोलमा रथयात्रा चलाइएको गुठी संस्थान धार्मिक एवं सांस्कृतिक सम्पदा शाखाका प्रमुख राजेन्द्र दाहालले जानकारी दिए । उनका अनुसार आज आइतबार माथिल्लो टोलमा रथयात्रा गराइने छ ।

यही भदौ २६ गते बिहीबार महिलाले मात्र रथ तानी नानीचा यात्रा चलाइने छ । यसै दिन बेलुकी राष्ट्रपति पौडेल हनुमानढोका दरबार गएर कुमारीबाट टीका एवं प्रसाद ग्रहण गर्ने छन् । टीका, प्रसाद ग्रहण गरेपछि राष्ट्राध्यक्षले कुमारीसँग खड्ग साट्ने परम्परासमेत रहेको छ ।

भदौ २६ गते राति १०:३२ बजे इन्द्रध्वज पातन गरेपछि दुई साताभन्दा लामो इन्द्रजात्रा समाप्त हुने छ । इन्द्रध्वज पातन गरेपछि इन्द्रजात्राको लिंगोलाई स्थानीयवासीले घिसार्दै लगी टेकु दोभानस्थित बागमती किनारमा पुऱ्याएर सेलाउने परम्परा रहेको धार्मिक एवं सांस्कृतिक सम्पदा शाखाका प्रमुख दाहालले जानकारी दिए । उनका अनुसार लिंगो सेलाउन घिसारेर लैजाने परम्परा छ ।

नेपाल पञ्चांग निर्णायक विकास समितिले निकालेको साइतमा लिंगोका लागि रुख काट्न वनयात्रा गरेपछि यो जात्राको प्रक्रिया सुरु भएको थियो । वनयात्रा, रुख कटान, लिंगो नगर प्रवेशलगायत विधिपछि भाद्र शुक्ल द्वादशीका दिन इन्द्र ध्वजोत्थान गरिन्छ ।

इन्द्रजात्रा प्रताप मल्लको पालामा सुरु भएको विश्वास गरिन्छ । इन्द्रजात्रामा रथयात्राको चलन भने राजा गुणकामदेवले सुरु गरेका थिए । उपत्यकामा मनाइनेमध्ये यो लामो जात्रा हो ।

वर्षा र सहकालका देवताका रूपमा पूजिने इन्द्रको शनिबार विधिपूर्वक पूजाआजा गरिएको थियो । जात्राका अवसरमा लाखे नाच, दशअवतार नाचलगायत, महाकाली नाच, रामचन्द्र नाच, पुलुकिसी नाचलगायत सांस्कृतिक झाँकी, नाचगान हुने गर्छ । यस पर्वका अवसरमा काठमाडौं उपत्यकामा सार्वजनिक बिदा दिइँदै आएको छ ।

# नेपालमै एकै व्यक्तिमा तेस्रोपटक मिर्गौला प्रत्यारोपण

**भक्तपुर (प्रस)–** सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुरले एकै व्यक्तिमा तेस्रोपटक सफलतापूर्वक मिर्गौला प्रत्यारोपण गरेको छ ।

शनिबार यहाँ आयोजित पत्रकार सम्मेलनमा केन्द्रका कार्यकारी निर्देशक डा. पुकारचन्द्र श्रेष्ठले नेपालमै पहिलोपटक एकै व्यक्तिमा तेस्रोपटक सफलतापूर्वक मिर्गौला प्रत्यारोपण गरेर इतिहास रच्ने काम भएको बताए । तेस्रोपटक प्रत्यारोपण निकै जटिल रहने भए पनि सफल भएकाले अब मिर्गौला प्रत्यारोपणका लागि नेपालमै सम्भव छ भन्ने उदाहरण स्थापित भएको उनले बताए ।

यही भदौ ९ गते सुदूरपश्चिम प्रदेशका पूर्वमन्त्री तथा प्रदेशसभा सदस्य लक्ष्मणकिशोर चौधरीको तेस्रोपटक मिर्गौला प्रत्यारोपण सम्पन्न गरी उनलाई शनिबार 'डिस्चार्ज' गरिएको डा. श्रेष्ठले जानकारी दिए । 'सामान्यतया मिर्गौला प्रत्यारोपण एकपटक सफल भएपछि लामो समयसम्म प्रत्यारोपित मिर्गौलाले काम गर्ने गर्दछ, तर इम्युनोलोजिकल अस्वीकार, संक्रमण, क्रोनिक अलोग्राफ्ट, नेफ्रोप्याथीलगायत विविध समस्याले मिर्गौला असफल हुन सक्ने सम्भावना रहन्छ । यस्तो अवस्थामा दोस्रो प्रत्यारोपण गरिन्छ, तर तेस्रोपटक प्रत्यारोपण गर्नुपर्ने अवस्था भने अत्यन्तै दुर्लभ हुन्छ,' उनले भने, 'प्राविधिक जटिलता, औषधीय चुनौती तथा दाता पाउन कठिनाइ हुने र जोखिम झनै बढी हुने हुँदा तेस्रो प्रत्यारोपण संसारमै सीमित मात्रामा हुने गरेको छ । मैले बेलायतमा यस्तो जोखिमपूर्ण प्रत्यारोपण गरेको अनुभव भएकाले नेपालमा सम्भव भएको हो । अब हामी जटिल प्रत्यारोपणका लागि सक्षम छौं ।'



चौधरीको पहिलो मिर्गौला प्रत्यारोपण भारतको लखनऊमा गरिएको थियो भने २०७२ मा दोस्रो र हाल तेस्रो प्रत्यारोपण सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा डा. पुकारचन्द्र श्रेष्ठकै नेतृत्वमा गरिएको हो । चौधरीको तेस्रो प्रत्यारोपण 'पेयर एक्सचेञ्ज' प्रणालीअन्तर्गत गैरनातेदारबीच अंग साटासाट गरी गरिएको उनले जानकारी दिए ।

नेपालमा एकै व्यक्तिमा दोस्रोपटक मिर्गौला प्रत्यारोपण वीर अस्पतलमा डा. श्रेष्ठकै नेतृत्वमा सन् २०१० मै सुरु भएको र तेस्रो प्रत्यारोपण भने अत्यन्तै दुर्लभ उपलब्धि भएको केन्द्रले जनाएको छ । प्रत्यारोपण केन्द्रले स्थापनाको १३ वर्षमा एक हजार ५०२ जनाको सफल मिर्गौला प्रत्यारोपण तथा ३५ जनामा कलेजो प्रत्यारोपण सम्पन्न गरिसकेको जानकारी दिएको छ ।

# धूमपान न्यूनीकरणमा सादा प्याकेजिङ र कर नीति प्रभावकारी हुने

**काठमाडौं (प्रस)–** सुर्तीजन्य पदार्थको बढ्दो उपभोग न्यूनीकरण गर्न उच्च कर नीति, सादा प्याकेजिङ र कडा अनुगमन प्रणाली प्रभावकारी उपाय हुन सक्ने विज्ञहरूले सुझाएका छन् ।

राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले शुक्रबार यहाँ 'धूमपान तथा सुर्तीजन्य पदार्थको प्रभाव नियन्त्रणमा कर वृद्धि' विषयक अन्तरक्रिया आयोजना गरेको थियो । उक्त अन्तरक्रियामा नेपाल विकास अनुसन्धान प्रतिष्ठानका सदस्य डा. जयकुमार गुरुङले भने, 'उच्च कर दरले उपभोग घटाउन, युवालाई सुरु गर्नबाट रोक्न र सरकारलाई स्वास्थ्य क्षेत्रमा प्रयोग गर्न सकिने अतिरिक्त राजस्व संकलन गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ ।' उनले सुर्तीजन्य पदार्थ नियन्त्रणका लागि कर नीति सबैभन्दा शक्तिशाली रणनीति मानिने उल्लेख गरे ।

कर प्रणालीलाई सरल बनाएर अन्तःशुल्क, स्वास्थ्य जोखिम कर र भ्याटमा समानुपातिक संरचना लागू गर्दा प्रशासनिक अनुगमन सजिलो हुने उनको भनाइ छ । 'अन्तःशुल्क र स्वास्थ्य जोखिम करलाई निरन्तर र उल्लेखनीयरूपमा वृद्धि गर्नुपर्ने अपरिहार्यता छ,' उनले भने, 'जसले सुर्तीजन्य पदार्थको उपभोगलाई निरुत्साहित गर्छ ।' कर प्रणालीलाई थप प्रभावकारी बनाउन विलासिता कर, वातावरण कर, खुद्रा व्यापार दर्ता शुल्कजस्ता अतिरिक्त माध्यम अपनाउन सकिने उनले सुझाव दिए ।

राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रका स्वास्थ्य सचेतना तथा सुर्तीजन्य नियन्त्रण शाखाका प्रमुख उपेन्द्र ढुंगानाले सुर्तीजन्य पदार्थको प्रयोग नियन्त्रण गर्नका लागि सादा प्याकेजिङ नीति प्रभावकारी देखिएको बताए । उनले भने, 'सादा प्याकेजिङले सुर्तीजन्य पदार्थको ब्राण्डिङ र डिजाइन हटाउँछ जसले गर्दा उत्पादनहरू कम आकर्षक देखिइ युवाहरूमा यसको लोभ्याउने क्षमता घटाउँछ । आकर्षक ब्राण्डिङ नहुँदा प्याकेटमा छापिएका स्वास्थ्य चेतावनीहरू अझ स्पष्ट देखिने हुन्छ र उपभोक्ताले स्वास्थ्य जोखिमबारे राम्ररी बुझ्न सक्छन् ।'

# आज निजामती सेवा दिवस मनाइँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकको स्थायी सरकारका रूपमा रहेका निजामती सेवाका कर्मचारीले आज देशभर विभिन्न कार्यक्रमको आयोजना गरी 'निजामती सेवा दिवस' मनाउँदै छन् ।

निजामती सेवासम्बन्धी ऐन पहिलोपटक जारी भएको २०१२ भदौ २२ गतेको स्मरण गर्दै हरेक वर्ष यस दिन निजामती सेवा दिवस मनाइने गरिएको छ । निजामती सेवाको मूल्य-मान्यता, आदर्श, चरित्र, नैतिकता, सदाचारिता, निष्ठाजस्ता गुणको स्मरण र पालना गरी नागरिकको सेवामा प्रतिबद्धता व्यक्त गर्ने दिनका रूपमा यस दिवसलाई लिने गरिएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव प्रकाश दाहाल बताउँछन् ।

'सबै नीतिको माउ नीति राजनीति' हाँक्ने जिम्मेवारीमा रहेको राजनीतिक नेतृत्वलाई नीति निर्माणमा परामर्श दिने, बनेका नीति-नियमलाई कार्यान्वयन गरी नागरिकलाई सरल र सहजरूपमा सेवासुविधा उपलब्ध गराउने निजामती कर्मचारीको प्रमुख जिम्मेवारी हो ।

निजामती सेवामा रहेका करिब ८५ हजार कर्मचारीका लागि यो दिवस ठूलो उत्सव र कदर गर्ने दिनका रूपमा लिने गरिएको छ । सेवा दिवस मनाउन मुख्यसचिवको अध्यक्षतामा गठित मूल समारोह मातहतका उपसमितिबाट स्वास्थ्य शिविर, वृक्षरोपण, रक्तदान, मैत्रीपूर्ण फुटबल, अन्तरक्रिया, झाँकी प्रदर्शनी, ऱ्याली, दीपावलीजस्ता कार्यक्रम तय गरिएको छ ।




यस दिवसका उपलक्ष्यमा राजधानीमा हुने मूल समारोहमा वर्षभरमा राम्रो काम गर्ने कर्मचारीको मूल्यांकन गरी एक जनालाई सर्वोत्कृष्ट निजामती, १० जनालाई उत्कृष्ट निजामती र ३० जना निजामती पुरस्कारकोसमेत घोषणा गरिने छ । अघिल्लो वर्ष घोषणा गरिएका कर्मचारीलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिने छ ।

समारोहमा पुरस्कृत हुने कर्मचारीबाट अरुलाई पनि असल र निष्ठावान हुन प्रेरणा प्राप्त मिल्ने दिनका रूपमा यो दिवसलाई लिने सकिने सहसचिव दाहाल बताउँछन् । यो दिवस राष्ट्र र जनताका लागि असल काम गर्न प्रण गर्ने दिन हो ।

केही कर्मचारीले भ्रष्टाचार र अनियमित कार्य प्रदर्शन गरेका तथा कतिपय राजनीतिज्ञले समेत जनहितका लागि आफूले गर्न चाहेको काम कर्मचारीकै असहयोगमा अघि बढ्न नसकेको भन्ने हल्का टिप्पणीले समग्र सेवाप्रति गलत प्रचार हुन पुगेको निजामती कर्मचारीको बुझाइ छ । निजामती कर्मचारीलाई ढिलासुस्ती, प्रक्रियामुखी, काम पन्छाउने, समयमा निर्णय नगर्ने भन्ने खाले आरोप लाग्दै आएको सहसचिव दाहाल बताउँछन् । 'पछिल्ला समय निजामती कर्मचारीप्रति आमनागरिक, आमसञ्चार, राजनीतिकर्मीबाट हेर्ने दृष्टिकोणलाई भने चिर्न जरुरी छ,' उनले भने ।

निजामतीलाई खासगरी नागरिकले हाम्रो हितमा काम गर्दैनन्, सेवामुखी हुन सकेनन बरु उल्टो शासकजस्तै बन्न खोजेको भन्ने आक्षेप पनि लाग्दै आएको छ । जनतालाई सरल, सहज र पारदर्शी ढंगले सेवा दिन सूचना प्रविधिमैत्री सेवा प्रदानको प्रणाली विकास र अनुशरण गर्न सकिएमा सेवाको साखलाई उँचो बनाउन सहयोग पुग्ने निजामती कर्मचारीको भनाइ छ । अर्कातर्फ योग्यता, क्षमता र आवश्यकताका आधारमा नभई राजनीतिक आग्रह पूर्वाग्रहका आधारमा हुने अवसर, सरुवा, बढुवा र पुरस्कारले सक्षम व्यक्ति ओझेलमा परेको गुनासोसमेत निजामती सेवामा प्रशस्त सुनिदै आएको छ ।

निजामती सेवा काविल नभई सरकार वा राजनीतिक कहिले सफल नहुने भएकाले राजनीति र प्रशासनबीचमा सुमधुर सम्बन्ध अहिलेको आवश्यकता रहेको नेपालको निजामती प्रशासनका भुक्तभोगी बताउँछन् । हाल निजामती सेवाका राष्ट्र सेवक कर्मचारी संघ, प्रदेश र स्थानीय तहमा बाँडिएर काम गरिरहेका छन् ।

**Government of Koshi Province**
**Ministry of Health**
**Health Directorate**
**District Hospital, Khotang**

**Invitation for Electronic Bids**

**Date of publication: 2082/05/22**
**Invitation for Bids No: DHK/G/NCB-01/2082-83**

1. The **District Hospital, Khotang** invites Electronic bids from eligible bidders for the **Supply Delivery and Installation of X-ray Machine 500mA with DR System** under National competitive bidding – Single Stage Two Envelope procedures.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **District Hospital, Khotang, Koshi Province,** Phone No: 036-420576, Email address: districthospital.khotang@gmail.com or, may visit PPMO eGP system **www.bolpatra.gov.np/egp**.
4. Bidder Should download the bidding documents for e-submission from PPMO's e-GP system **www.bolpatra.gov.np/egp**. Bidders should deposit the cost of bidding document **NRs 3000.00** in the following Rajaswa (revenue) account as specified below .
**Name of the Bank**: Rastriya Banijjya Bank, Khotang
**Name of Office**: District Hospital, Khotang, Koshi Province
**Office Code no.**: 3700208011
**Rajaswa (revenue) Account no.**: 1000100200010000
**Rajaswa (revenue) Shirshak no.**: 14229
5. Pre-bid meeting shall be held at **District Hospital, Khotang** at **11:00 Hr of 2082/06/10.**
6. Electronic bids must be submitted to the office **District Hospital, Khotang** through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** on or before **12:00 Hr** on **2082/06/26**. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 Hr of 2082/06/26** at the office of **District Hospital, Khotang.** Bids must be valid for a period of **90 days** from the date of bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format which shall be valid for 30 days beyond the validity period of the bid as mentioned in following Table.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
9. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063, Public Procurement Regulations -2064 and their amendments.

**Details**

| S. N. | Contract Identification No | Name of Procurement | Cost of Bid Documents NRs | Minimum Bid Security Amount (NRs) | Bid Security Validity |
|---|---|---|---|---|---|
| 1. | DHK/G/NCB-01/2082-83 | Supply, Delivery and Installation of X-ray Machine 500mA with DR System | 3000.00 | 125,000.00 | 2082/10/25 |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## गाउँको सिंहदरबारमा बेथिति

**जनताको सबैभन्दा नजिकको सरकार, स्थानीय सरकार । 'गाउँको सिंहदरबार'को रूपमा चर्चा गरिने स्थानीय सरकारले जनतालाई घरदैलोमै पुगेर सेवा दिनुपर्ने हो । किनभने संविधानले स्थानीय तहलाई अधिकार सम्पन्न बनाएको छ । मुलुकमा रहेका ७५३ स्थानीय सरकारलाई आफैं बजेट निर्माण गर्ने अधिकार छ । विभिन्न शीर्षकमा राजस्व संकलन गर्न पाउँछ । यसरी स्वतन्त्ररूपमा काम गर्ने हैसियत हुँदाहुँदै पनि अधिकांश स्थानीय तहले त्यसको सही उपयोग गर्न सकेका छैनन् । यद्यपि, केही स्थानीय तहले भने नमूनायोग्य काम गरिरहेका छन् ।**

**स्थानीय सरकार गठनपछि गाउँगाउँमा सुधारको अपेक्षा आमजनताले गरेका थिए । तर केन्द्रीयस्तरमा वर्षौंदेखि गाँजिएर रहेको बेथिति स्थानीय तहमा सर्दै जाँदा सुधारको अपेक्षाविपरीत हुन पुगेको छ । बेथितिको उदाहरण चालु आर्थिक वर्षको बजेटलाई लिन सकिन्छ । चालु आर्थिक वर्षको दोस्रो महिना बित्न लाग्दा पनि ५८ वटा स्थानीय तहले यो आर्थिक वर्षका लागि बजेट सार्वजनिक गरेका छैनन् । कानुनतः स्थानीय तहको बजेट गत असार १० गते सार्वजनिक गरी असार मसान्तभित्र पारित गरिसक्नुपर्ने हो । पालिकाको सभाबाट पारित बजेट साउन १ गतेबाट कार्यान्वयन गर्नुपर्ने प्रावधान छ । तर, ती स्थानीय तहले बजेट नल्याई खर्च गरिरहेका छन्, जुन गैरकानुनी हो ।**

**बजेट सार्वजनिक नगरेका ५८ वटा स्थानीय तहमध्ये सबैभन्दा धेरै मधेस प्रदेशका ४० वटा छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार कोशी प्रदेशका चार, बागमती प्रदेशका चार स्थानीय तहले हालसम्म बजेट प्रस्तुत गरेका छैनन् । लुम्बिनी प्रदेशका छ, कर्णाली प्रदेशका तीन र सुदूरपश्चिम प्रदेशको एक स्थानीय तहले पनि बजेट ल्याएका छैनन् । बजेट नल्याउनुमा राजनीतिक विवाद नै मुख्य देखिएका छन् ।**

**अर्थविद्हरूका अनुसार समयमा बजेट नल्याउनु बजेट कानुनको ठाडो उल्लंघन हो । विगतमा संघीय सरकारले पनि राजनीतिक किचलोका कारण समयमा बजेट प्रस्तुत गर्न नसक्दा समस्या हुने गरेको थियो । त्यसैलाई मध्यनजर गर्दै संविधानमै बजेट प्रस्तुत गर्ने दिन तोकियो । जसअनुसार हरेक वर्ष जेठ १५ गते संघीय संसद्को संयुक्त बैठकमा अर्थमन्त्रीले बजेट प्रस्तुत गर्नुपर्छ । यसैगरी प्रदेश सरकारले असार १ र स्थानीय तहले असार १० गते बजेट प्रस्तुत गनुपर्ने व्यवस्था गरिएको छ । यो कानुनी व्यवस्था पालना गर्न स्थानीय सरकार जिम्मेवार बनेको देखिँदैन । स्थानीय तहले बजेट ल्याउन नसक्नुको कारण पहिचान गरी संघीय सरकारले आवश्यक समन्वय गर्न जरुरी देखिन्छ । यसका लागि संघीय मामिला मन्त्रालयले तत्काल कदम चालोस् ।**

# निजामती दिवसको सान्दर्भिकता



■ उमेशप्रसाद मैनाली

> कर्मचारीतन्त्रका जे जति अवगुण भए पनि यसको पूर्ण विकल्प भने देखिँदैन । यसैले कर्मचारीतन्त्रलाई जनउत्तरदायी, परिणाममुखी र सक्षम सेवाको रूपमा बदल्न सक्नुपर्दछ । कर्मचारीले जनप्रतिनिधिको निर्णयलाई अवज्ञा गर्न मिल्दैन । पछिल्लो समय संसद्ले गरेका निर्णयहरूमा उच्चपदस्थ कर्मचारीहरूको असन्तुष्टि भन्ने कुराले छवि धमिल्याएको छ । जनप्रतिनिधिपनि कर्मचारीको इशारामा चल्नु हुँदैन ।

निजामती सेवा दिवस २०६१ सालदेखि हरेक वर्ष मनाउने गरिँदै आएको छ । यस्ता दिवसहरूको आफ्नै महत्त्व हुन्छ । खासगरी सेवामा भएका राम्रा पक्षहरूप्रति गौरव गर्न, अग्रजहरूप्रति कृतज्ञता गर्न र त्यसबाट शिक्षा लिएर भविष्यको मार्गदर्शनका लागि दिवस मनाउने गरिन्छ ।

वि.सं. २०१३ मा प्रधानमन्त्री टंकप्रसाद आचार्यले निजामती सेवा ऐन जारी गरेपछि नेपालमा निजामती सेवा औपचारिकरूपमा थालनी भएको हो भने २०१६ सालमा प्रधानमन्त्री बिपी कोइरालाले यसलाई आधुनिकीकरण र व्यवस्थित बनाएका थिए । निजामती सेवा ऐन जारी भएको चार महिनामै पुसमा निजामती सेवा नियमावली जारी भएको थियो । यसले विस्तारै भर्ना र बढुवामा पब्लिक सर्भिस कमिसनलाई सरिक गराउन थालिएको देखिन्छ । निजामती सेवाले आफ्नो गौरवका कुरा के भयो, सात दशकमा केही गर्व गर्न लायक कामहरू भएका छन्, तिनको समीक्षा गर्ने अवसर पनि दिवसले प्रदान गर्छ ।

सामाजिक र राजनीतिक संस्था निस्क्रिय हुँदा निजामती सेवाले धान्ने गर्दै आएको छ । कर्मचारीतन्त्रले हरेक राजनीतिक परिवर्तनको पछाडि आएका संक्रमणकालीन अवस्थाको व्यवस्थापन गर्दै आएको छ । त्यतिमात्र होइन, सशस्त्र द्वन्द्वको बेला सुरक्षाकर्मीसमेत जान नसकेको ठाउँमा निजामती सेवाले मात्र सरकारी उपस्थिति देखाउन सकेको थियो । जनतालाई सेवा दिने क्रममा थुप्रै असैनिक दर्जाका कर्मचारीको ज्यान पनि गयो । समयमा स्थानीय निर्वाचन नहुँदा कर्मचारीले जनप्रतिनिधिका कामसमेत गर्नु परेको थियो ।

कर्मचारीलाई अनिर्वाचित सिनेटको रूपमा लिने गरिन्छ । राज्यका तीनवटै अंग कर्मचारीबाट नै सञ्चालित हुन्छन् । वास्तवमा कर्मचारीतन्त्र स्थायी सरकार पनि हो । राजनीतिक नेतृत्व जनताबाट आवधिक निर्वाचनमार्फत निश्चित अवधिका लागि आउँछ तर कर्मचारी हजारौंसँग प्रतिस्पर्धा गरी आफूलाई अब्बल सावित गरी वर्षौंसम्म जनतासँग निकट भएर काम गर्दै आएका हुन्छन् । बदलिँदो विश्वपरिवेश, प्रविधिको विकास र राष्ट्रिय आवश्यकताअनुसार कर्मचारीमा नयाँ भूमिका थपिँदै छ । जनप्रतिनिधि र जनताबीचको मध्यवर्ती भूमिका खेल्नुपर्छ । नागरिकका सरकारमा पुऱ्याउने र सरकारका कार्यक्रम जनतासामु पुऱ्याउने माध्यम कर्मचारी हुन् । यी कामहरू गर्न हाम्रो कर्मचारीतन्त्र त्यति सक्षम देखिएन, सबै वर्गबाट आलोचित हुँदै छ ।

कर्मचारीहरूको निष्पक्षता तब प्रदर्शित हुन्छ, जब उनीहरूको आफ्ना काममा स्वच्छता देखिन्छ । राजनीतिक दलबाट दीक्षित हुन थालेपछि यो सम्भव हुँदैन । राजनीतिक नेतृत्व र कर्मचारीतन्त्र सार्वजनिक प्रशासनका दुई पाटा हुन् र तिनीहरू एकअर्काका परिपूरक हुन् । दुवै वर्गले साझेदारको रूपमा काम गर्नुपर्छ । राजनीतिक नेतृत्वले दिएको नीतिलाई कर्मचारीतन्त्रले कार्यान्वयन गर्ने हो । कर्मचारीतन्त्रले राजनीतिक साध्यका लागि साधक हुनुपर्छ । साधन र साध्यबीचको बेमेलले असफलता हात लाग्दछ, यसले देश र जनतालाई फाइदा पुग्दैन । कर्मचारीमा जसरी राजनीति संक्रिमत हुँदै छ, यो बढ्दै जाने हो भने राज्यबाट वितरण हुने सेवाहरू दलीय आग्रह पूर्वाग्रहमा वितरण हुन थाल्ने छन् र यसबाट राज्य संयन्त्रप्रतिको जनताको विश्वास समाप्त हुने छ । सेवा प्रवाहमा अराजनीतिकरण भएमा मात्र कर्मचारीतन्त्रप्रति नागरिकहरूले विश्वास गर्ने छन् ।

### कर्मचारीतन्त्रमाथि लागेको आरोप

अहिले कर्मचारीतन्त्रले राजनीतिक परिस्थितीय अवस्थासँग मिल्न सकेन, परिवर्तनलाई आत्मसात् गर्न जानेन भन्ने आरोप लाग्ने गरेको छ । पञ्चायतकालमा राजाहरूले व्यवस्था टिकाउन कर्मचारीतन्त्रलाई उपयोग गरे । एक अर्थमा भन्ने हो भने त्यतिबेला निजामती सेवा शक्तिशाली थियो तर जनताको नजरमा लोकप्रिय थिएन । २०४६ सालपछि कर्मचारीतन्त्रले आफूलाई रूपान्तरित गर्न सक्नुपर्थ्यो, नयाँ मूल्य मान्यता बोक्नुपर्थ्यो, त्यसो हुन सकेन । बरु राजनीतिक दलका भ्रातृ संस्थाका रूपमा कर्मचारी संगठनहरू खुले । यो निजामती सेवाको मूल धर्मविपरीत छ । यसले कर्मचारीको मुख्य धर्म निष्पक्षता, तटस्थताको पालना भएन ।

यो संस्थाले लोकतान्त्रिक मूल्य बोक्न सकेन । जनताको सहभागिता, कानुनको शासनको आधारमा चल्न सकेन भन्ने आरोप लाग्दै आएको छ । गैरउत्तरदायी, अपारदर्शी, औपचारिक र अनौपचारिक प्रक्रियाको जञ्जालभित्र काम गर्न रुचाउने प्रवृत्ति हाबी हुँदै गएको टिप्पणी गरिन्छ । यसले गर्दा अहिले कर्मचारीतन्त्रलाई हेर्ने दृष्टिकोण राम्रो छैन । कामचोर भ्रष्टको रूपमा हेर्ने गर्छन् । यसो हुनुमा कर्मचारीतन्त्रकै कमजोरीलाई लिन सकिन्छ । राजनीतिक र सामाजिक परिवर्तनसँग आत्मसात् गर्न सकेन । पछिल्लो समय कर्मचारीतन्त्रमा राजनीति गर्ने सोख र राजनीतिमा विज्ञ सल्लाहकार नियुक्त गरी प्रशासन चलाउने सोख बढेको पाइन्छ । यस्तो अवस्था आउन नदिन कर्मचारीहरूमा नैतिकता र सदचिरित्रताजस्ता गुणहरूलाई हराउन दिनुहुँदैन ।

### अब के गर्ने त ?

आलोचना हुनु नराम्रो होइन, दिनहुँ जनतासँग प्रत्यक्ष सम्बन्ध राख्नुपर्ने हुँदा कर्मचारीको भूमिका पुनःप्रशिक्षित गर्नुपर्ने छ । हिजोको जस्तो कर्मचारी एक ठाउँमा मात्र उत्तरदायी रहनसक्ने अवस्था छैन, प्रविधिका कारण अब विभिन्न तहका सरकार, नागरिक समाज, संसद्, जनता र समग्रमा देशप्रति उत्तरदायी हुनुपर्ने देखिन्छ ।

निजामती कर्मचारीले निष्पक्षरूपमा कानुनअनुसार विधिसम्मत ढंगबाट नभई राजनीति दबाब र प्रभावमा रहेर कार्यसम्पादन गर्नुपर्ने स्थिति छ । त्यसैले, कर्मचारी संयन्त्रले निष्पक्षतापूर्वक काम गर्नसक्ने अवस्था नरहेको देखिन्छ । राज्यको नीति, कार्यक्रम र बजेट कार्यान्वयन गर्ने प्रमुख संयन्त्र भनेको निजामती प्रशासन नै भएकाले परम्परागत निजामती प्रशासनलेमात्र परिणाम दिन सक्दैन । निजामती प्रशासन निष्पक्ष र जनउत्तरदायी हुनु पर्दछ ।

अबका निजामती कर्मचारीले सूचना र प्रविधिलाई उच्चरूपमा प्रयोग गर्दै सेवाग्राहीलाई सहजरूपमा सेवा प्रवाह गर्नुपर्छ । निजामती प्रशासन राजनीतिक दबाब, प्रभाव, भ्रष्टाचार, अनुशासनहीनताबाट टाढा रहनुपर्दछ । प्रविधिमा आएको चमत्कारले धेरैजसो सेवाहरू अब प्रविधिमैत्री भएका छन् । सानो मुलुक इस्टोनियामा ९९ प्रतिशत सेवा डिजिटलाइजेसनमा गएको छ । हामीहरू पनि अब विस्तारै त्यतातिर नगई धेरै छैन ।

पुरानो सोच र कार्यशैलीमा रहेका कर्मचारीहरू आफ्नो भूमिका गौण हुने भयले नयाँ प्रविधिको विपक्षमा हुन सक्छन् । हामी कहाँ पनि लोकसेवा आयोगका परीक्षार्थीहरूले अनलाइनबाटै फाराम भरेका हुन्छन्, एकैपटक उनीहरूसँग देखभेट परीक्षा हलमामात्र हुन्छ । अब सेवा प्रदायक र सेवाग्राहीबीच प्रत्यक्ष सम्पर्क हुँदैन, प्रविधिबाटै सबै काम हुने भएकाले यसमा अभ्यस्त हुन तद्नुरूप दक्ष जनशक्ति हुनु जरुरी छ । झन् अहिले त कृत्रिम बौद्धिकताले धेरै सेवाहरू प्रविधिबाटै हुन सम्भव भएको छ । त्यसैले नेपालको कर्मचारीतन्त्र प्रविधिमैत्री हुनैपर्छ । यसो हुँदा भ्रष्टाचार, ढिलासुस्ती, कुशासन जस्ता आरोपहरू विस्तारै कम हुँदै पनि जान्छ ।

लोकतन्त्रमा नागरिकलाई जोड्ने कर्मचारीतन्त्रले हो । त्यसैले यसले आफ्ना पुरातन मूल्यमान्यतालाई लोकतान्त्रिक मूल्य मान्यताले विस्थापित गर्दै लान जरुरी छ । प्रशासनविद् वाल्डोले भनेजस्तै व्यवस्था र व्यवस्थाका मूल्यमा काम गर्नु यस संस्थाको परम कर्तव्य हो । यसले यसमा प्रभावकारी भूमिका खेल्न सक्यो भने मात्र राज्यको जनतासँगको सामाजिक सम्झौताको नवीकरण हुन सक्दछ । कर्मचारीतन्त्र सरकारको सहयोगीमात्र होइन, राज्यको अवयव पनि हो ।

कर्मचारीतन्त्रका जे जति अवगुण भए पनि यसको पूर्ण विकल्प भने देखिँदैन । यसैले कर्मचारीतन्त्रलाई जनउत्तरदायी, परिणाममुखी र सक्षम सेवाको रूपमा बदल्न सक्नुपर्दछ । कर्मचारीले जनप्रतिनिधिको निर्णयलाई अवज्ञा गर्न मिल्दैन । पछिल्लो समय संसद्ले गरेका निर्णयहरूमा उच्चपदस्थ कर्मचारीहरूको असन्तुष्टि भन्ने कुराले छवि धमिल्याएको छ । जनप्रतिनिधि पनि कर्मचारीको इशारामा चल्नु हुँदैन ।

कर्मचारीले जनप्रतिनिधि प्रभावित तुल्याई आफ्नो एजेण्डा स्थापित गराउन खोज्नु हुँदैन । निजामती सेवाको तीनवटा भूमिका हुन्छ । त्यो हो सरकारले बनाएका नीतिहरूको कार्यान्वयन गर्नु, राजनीतिज्ञलाई तटस्थ सल्लाह दिनु र अप्ठ्यारो परेको अवस्थामा सरकार सञ्चालन गर्नु । त्यसभन्दा बाहिरको भूमिका खोज्नु हुँदैन । कर्मचारीतन्त्रप्रति विश्वास दिलाउन निजामती सेवा दिवसले प्रेरणा देओस् ।

*(लोकसेवा आयोगका पूर्वअध्यक्ष तथा नेपाल सरकारका पूर्वसचिव मैनालीसँग राससले गरेको कुराकानीमा आधारित)*

# सुशासनका लागि गर्नुपर्ने पहल



■ डा. लछी सिंह

सुशासन के हो भन्नेबारे जानकारी समाजमा हुन अत्यावश्यक छ । सुशासनको अवधारणा सर्वप्रथम विश्व बैंकले सन् १९८९ मा अफ्रिका महादेशमा पहिलोपटक प्रयोगमा ल्याएको थियो । अहिले यो अवधारणा दिगो विकास लक्ष्य हासिल गर्नका लागि महत्त्वपूर्ण औजारका रूपमा देखिएको छ ।

स्थानीय समाज, प्रदेश, देश र साधारण जनसमूहका लागि असल व्यवहारबाट सुरु गरिने कार्य तथा शासन नै सुशासन हो । यो व्यवस्थामा राज्यका सबै अंगमा स्थानीय समाज, क्षेत्र, वर्ग तथा लिंगको उचित प्रतिनिधित्व तथा सक्रिय सहभागिता गराई सबैका समस्या वा सरोकारका विषयलाई छिटोछरितो एवं न्यायपूर्ण तरिकाले सम्बोधन गरिन्छ, यही नै असल शासन वा सुशासन हो ।

अर्थात् सुशासन भनेको सरकारले समाजका जनतालाई पारदर्शिता, जवाफदेहीता, सहभागिता, कानुनी शासन, प्रभावकारिता र समानताजस्ता सिद्धान्तमा आधारित असल शासन दिने प्रणालीको विकास हो । अर्को अर्थमा सुशासन भनेको असल शासन तथा प्रशासनिक अधिकारको समुचित प्रयोग हो । यसलाई निश्चित मापदण्डका आधारमा निर्णय गर्ने पद्दति पनि भनिन्छ । अर्थात् राज्यले जनताका लागि गर्ने काम वा सेवा राज्यको व्यवहार सुलभ, पारदर्शी र समग्ररूपमा असल हुनुपर्छ भन्ने धारणा नै सुशासन हो । सुशासनले समाजमा शान्ति र समृद्धि ल्याउँछ । यसले समाजका सदस्यको अधिकार र कर्तव्यलाई सम्मान गर्दै सार्वजनिक स्रोतहरूको न्यायोचित व्यवस्थापन गर्ने मुख्य उद्देश्य लिएको हुन्छ ।

आजको स्थानीय समाज सुशासनको ऐना हो । यसमा लोकतन्त्र, समावेशीता, जनसहभागिता, मानवअधिकार, सामाजिक न्याय, दिगो विकास, शान्ति र समृद्धिको स्थापनासँगसँगै देखा पर्छन् । सुशासनको परिकल्पना र प्रयास सुख र समृद्धिका लागि हो । सुशासनले स्थानीय समाजलाई मेरुदण्ड मानी उत्तरदायित्व, जनसहभागिता, पारदर्शिता र कानुनको शासनलाई अनुशरण गर्छ । राज्यले गर्ने शासन व्यवस्था र प्रक्रिया जनमुखी भएमात्र स्थानीय समाज विकास सम्भव हुने भन्ने विश्वव्यापी विचार तथा मान्यता छ । समुन्नत समाज निर्माणका लागि पनि सुशासन हुन जरुरी छ ।

सुशासनले राज्यलाई पारदर्शी, जवाफदेही र समावेशी बनाउँछ । कानुनी राज्यको अवधारणालाई आत्मसात् गर्न प्रेरित गर्दछ । सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति स्थानीय समाजमा गराउनु सरकारको पहिलो जिम्मेवारी हो । यसै सिलसिलामा स्थानीय समाज भनेको के हो भन्ने जानकारी हुन अत्यावश्यक छ । यो शब्द पहिले ल्याटिन भाषाको 'सोसियल' बाट उत्पन्न भएको हो । स्थानीय समाजको उच्चारण ११औं शताब्दीमा भएको हो । स्थानीय समाज भनेर एकभन्दा धेरै मानिसको समूह वा उपस्थितिलाई बुझिन्छ । अर्थात् स्थानीय समाजले साथीभाइ, समूह, संघ, टोल, क्लब, पार्टी र संगति आदिलाई जनाउँछ ।

समाज शब्दले गाउँ, टोल, समूह, क्लब र सहरमा बसोबास गर्ने परिवार तथा व्यक्तिको समूहलाई जनाउँछ । एक क्षेत्रमा बसोबास गर्ने मानिसको सञ्जाल नै समाज हो । समाजमा विभिन्न जातजाति, धार्मिक समुदाय, उमेर समूह र वर्गका मानिसको बसोबास हुन्छ । स्थानीय समाजको महत्त्व मानव विकासका लागि बढी मानिएको छ । स्थानीय समाजका सदस्य कुनै न कुनै रूपमा एकआपसमा आश्रित हुन्छन् । उनीहरूका लागि सामूहिक पहिचान, सामूहिक कार्य र सामूहिक उद्देश्य अनिवार्य हुन्छ । त्यसैले समाज र सुशासनबीच घनिष्ठ सम्बन्ध छ । सुशासनको सम्बन्ध स्थानीय समाजदेखि देश विदेशसम्म जोडिएको हुन्छ । सुशासन कुनै पनि देशको स्थानीय समाजको आर्थिक विकासको प्रगति गर्ने एक चाबी हो ।

राज्यले शासनलाई असल शासनमा परिणत गर्न न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकासँगै आधुनिक बजारलाईसमेत ध्यान दिएको हुन्छ । हिजोआज स्थानीय समाज वा समुदायमा न्यायोचित सेवा दिइएको देखिँदैन । छोटो अनुसन्धानको तथ्यांकले ८५ प्रतिशत स्थानीय जनताले सुशासनको महसुस गरेको पाइँदैन । स्थानीय समाजमा सोधपुछ गर्दा ८५ प्रतिशत व्यक्तिले सुशासनका बारेमा आफूलाई केही थाहा नभएको बताएका थिए । समाजका १५ प्रतिशत व्यक्ति, जो केही पढे लेखेका र कुनै पेसा वा व्यवसायमा आबद्ध छन्, उनीहरूले मात्रै सुशासनका बारेमा धेरथोर बुझेको अध्ययनले देखाएको थियो ।

आफ्नो अधिकार खोज्नका लागि पहिले व्यक्ति नै सो विषयमा ज्ञान वा जानकार हुनुपर्छ । त्यसपछि मात्र सो व्यक्तिले आफ्नो अधिकार माग्न सक्छ, जनताको करको रकमले सरकारले आफ्नो दैनिक व्यवस्थापन सञ्चालन गर्ने भएकाले समाज विकासमा उसको दायित्व हुन्छ । यद्यपि, जनताको सेवामा ढिलासुस्ती गरी सरकार सुशासनबाट पछाडि हटेको महसुस हुन्छ । स्थानीय समाजमा सुशासनको स्थापनाका लागि सरकारले केही चरणबद्ध कार्यक्रम सञ्चालन गर्न आवश्यक छ ।

### सुशासनका लागि सरकारले के गर्नुपर्छ ?

प्रक्रियाको पहिलो चरणमा सुशासनको परिभाषा, अर्थ र प्रक्रियासम्बन्धी समाजमा व्यापक जनचेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ । स्थानीय समाजका सम्पूर्ण जनतालाई सुशासनसम्बन्धी ज्ञाता बनाई सुशासनसम्बन्धी विषयलाई 'स्मार्ट' बनाउने पहिलो कार्यमा नेपाल सरकारको हुने छ । स्थानीय समुदायमा सरकारको काम, कर्तव्य र अधिकारसम्बन्धी राम्रो ज्ञान दिने कार्यशाला सञ्चालन गर्नुपर्ने हुन्छ । साथै, सरकार र समुदायबीचको सम्बन्ध राम्रो बनाउने वातावरणको सिर्जना गर्नुपर्ने हुन्छ । त्यसपछि मात्र स्थानीय समुदायका सबै जनताको सीप तथा ज्ञान 'स्मार्ट' बन्ने छ र आफ्नो अधिकार आफैं खोल्ने छन् । यो नेपाल सरकारको पहिलो कार्य हुने छ ।

दोस्रो चरणमा सम्पूर्ण पार्टीका नेताको सुशासनसम्बन्धी जनचेता अभिवृद्धि गर्नुपर्ने देखिन्छ । सरकार र राजनीतिक पार्टीका नेताको सम्बन्ध कस्तो हुनुपर्छ भन्नेबारे राम्रो ज्ञान दिनुपर्ने हुन्छ । राजनीतिक नेताहरूको हरेक प्रक्रियामा सुशासनको सम्बन्ध हुन्छ भने जिम्मेवारी दिनुपर्ने हुन्छ ।

तेस्रो चरणमा नेपाल सरकारका संघ, प्रदेश र स्थानीयस्तरका सम्पूर्ण कर्मचारीलाई सुशासनसम्बन्धी चेतनाको अभिवृद्धि गराउनुपर्छ । यो सरकारको पहिलो प्राथमिकतामा पर्दछ । स्थानीय समुदाय तथा सरकारबीचको सम्बन्ध कस्तो हुनुपर्छ भन्नेबारे कर्मचारी वर्गलाई राम्रो ज्ञान दिनुपर्ने अति आवश्यक छ । सरकार भनेको जनतालाई सेवा प्रदान गर्ने निकाय हो तर प्रशासक होइन । जनताले तिरेको करको रकमबाट कर्मचारीको तलब तथा सुविधा पाउने भएकाले जनता नै सर्वोपरी हुन् भनी बुझ्नुपर्छ । त्यसपछि मात्र नेपाल देशलाई स्विट्जरल्याण्डजस्तो विकसित तथा 'स्मार्ट' बनाउन सकिने छ ।

चौथो चरणमा नेपाल सरकारका सम्पूर्ण नीति नियम, कानुन र रणनीतिहरू वा सम्पूर्ण संयन्त्र 'स्मार्ट' बनाई कार्यान्वयनमा ल्याउनुपर्ने हुन्छ । त्यसपछि मात्र सुशासनको विकास भई देशमा नयाँ विकासको आयाम स्थापना हुने छ ।

अन्त्य चरणमा सुशासनको प्रक्रियामा राम्रो काम गर्नेलाई पुरस्कारको व्यवस्था राख्नुपर्ने हुन्छ । नराम्रो काम गर्ने कर्मचारीलाई जागिरबाट हटाउने व्यवस्था गर्नु पर्छ । अन्य व्यक्तिले सुशासनको विरोधमा काम गरेमा कडाभन्दा कडा सजायको व्यवस्था हुनुपर्छ । *रासस*

*(लेखक नेपाल सरकारका पूर्वसहसचिव हुन्)*

## श्रम सरोकार

### सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।



**अस्ट्रेलियामा इन्द्रजात्रा** | नेवा गुठी मेलबर्न अस्ट्रेलियाद्वारा मेलबर्नमा आयोजना गरिएको इन्द्रजात्रा पर्वमा नेवारी वेशभूषामा सजिएर रमाउँदै नेपाली समुदाय । आयोजकका अनुसार नेवार समुदाय र अन्य समुदाय मिलेर पहिलोपटक मेलबर्नमा यो कार्यक्रम आयोजना गरिएको हो । *तस्बिरः प्रदीपराज वन्त/रासस*

# कञ्चनपुर मानव बेचबिखनको उच्च जोखिम क्षेत्र

**कञ्चनपुर–** मानव बेचबिखन तथा ओसार पसारका दृष्टिकोणले कञ्चनपुर जिल्ला उच्च जोखिम क्षेत्रका रूपमा रहेको छ । जिल्ला भएर भारत आवतजावत गर्ने मुख्य नाका गड्डाचौकी भए पनि अन्य क्षेत्रमा खुला सीमाका कारण अवैध नाकाहरू विद्यमान रहेका छन् । अवैध नाकाहरू मानव बेचबिखनको प्रमुख चुनौतीका रूपमा देखा परेको माइती नेपालकी कञ्चनपुर संयोजक महेश्वरी भट्टले बताइन् ।

उनका अनुसार पछिल्लो समयमा जिल्लामा सीमानाका प्रयोग गरी बालबालिका, किशोरी, तथा महिलालाई भारत, खाडीमुलुक र अन्य देशतर्फ बेचबिखन हुने घटनाहरू बढ्दै गएका छन् । मानव बेचबिखनका घटनाहरू बढ्दै जानुमा गरिबी, बेरोजगारी, अशिक्षा, लैंगिक असमानता, घरेलु हिंसा र सामाजिक कुरीतिहरू मूल कारणका रूपमा रहेको संयोजक भट्टले बताइन् ।

खुला सीमा, प्रविधिमैत्री निगरानीको अभाव, स्रोतसाधन र जनशक्तिको कमी, उजुरी दिन डराउने पीडित तथा परिवार, मुद्दा प्रक्रियामा ढिलाइ र सीमापार गराउन आफन्त वा परिवारकै संलग्नता रहने गरेको उनले उल्लेख गरिन् ।

'मानव बेचबिखन नियन्त्रण सबैको साझा जिम्मेवारी हो,' संयोजक भट्टले भनिन्, 'यसलाई रोक्न सचेतना, समन्वय र सहकार्य नै मुख्य आधार हो ।' मानव बेचबिखनको स्वरूप समयसँगै बदलिँदै गएको उल्लेख गर्दै उनले वैदेशिक रोजगारी, विवाहको प्रलोभन, पर्यटनका नाममा, तथा प्रविधि प्रयोग गरेर हुने 'साइबर ट्राफिकिङ'का घटना बढिरहेको बताइन् ।

'यस्ता गतिविधिमा अन्तर्राष्ट्रिय अपराध सञ्जाल सक्रिय रहँदै आएको छ,' उनले भनिन्, 'यसरी बेचबिखनमा परेकालाई अंग बेच्ने, बालश्रममा लगाउने, यौन शोषण गर्ने वा जबर्जस्ती आपराधिक गतिविधिमा प्रयोग गर्ने गरिएको पाइएको छ ।'

मानव बेचबिखनजस्तो जघन्य अपराधले राष्ट्रियमात्र होइन अन्तर्राष्ट्रिय सुरक्षा र मानवअधिकारलाई समेत गम्भीर चुनौती सिर्जना गरेको सामाजिक कार्यकर्ता हरिदत्त भट्टले बताए । उनका अनुसार, सीमा क्षेत्रमा प्रविधि-आधारित निगरानी (सिसिटिभी, बायोमेट्रिक प्रणाली), विद्यालय तहमा सचेतना, कानुनी र सामाजिक पुनर्स्थापना कार्यक्रम सञ्चालन अनिवार्य भइसकेको छ ।

माइती नेपालका कञ्चनपुर संयोजक भट्टका अनुसार गत १६ जुलाई २०२४ देखि १५ जुलाई २०२५ सम्मको अवधिमा भारततर्फ जान लागेका २८६ जनालाई रोकथाम गरेको छ । जसमध्ये १२७ जना गड्डाचौकी नाकामा, ४८ जना चारलेन पुलमा र ३८ जना झोलुंगे पुलमा रोकथाम गरिएको थियो । रोकथाम गरिएका व्यक्तिहरूमध्ये १२९ जना बालबालिका र १५७ जना महिला रहेका छन् ।

सीमानाकामा रोकथाम गरिएकामध्ये सुदूरपश्चिम प्रदेशका २४८ जना रहेका छन् भने कञ्चनपुर जिल्लाका मात्रै १३६ जना रहेका छन् । त्यसै अवधिमा भारतको हरियाणा, मुम्बई, पिथौरागढ, पुना, विहार र चमौलीबाट बेचबिखनमा परेका आठ जनाको उद्धार गरी ल्याइएको उनले जानकारी दिए ।

सोही अवधिमा माइती नेपालले सीमानाकामा १२ हजार ८३२ सवारीसाधन चेकजाँच गरेको छ भने ४६ हजार ५६ जनालाई मानव बेचबिखन तथा सुरक्षित बसाइँसराइबारे परामर्श दिएको छ । यसैगरी २९० जनाको पारिवारिक पुनर्मिलन गरिएको र ३५ जनालाई सीमानाकाबाटै प्रत्यक्ष परामर्श दिएर घर फर्काइएको छ ।

माइती नेपालमा खोजतलासका लागि १८० वटा निवेदन दर्ता भएको र जसमध्ये ७३ जना खोजतलास गर्दा भेटिएका छन् । घरेलु हिंसासम्बन्धी २२ वटा उजुरी दर्ता भएकामध्ये १८ वटा समाधान गरिएको छ भने मानव बेचबिखनविरुद्ध एक मुद्दा दर्ता भएको संयोजक भट्टको भनाइ रहेको छ ।

मानव बेचबिखन रोकथामका लागि माइती नेपालले समुदायस्तरमा घरदैलो कार्यक्रम, पर्चा-पम्पलेट वितरण, किशोरीलाई कानुनी अनुशिक्षण, सडक नाटक लगायतका अभियान सञ्चालन गर्दै आएको छ । यसरी गाउँ-गाउँमै सचेतनासम्बन्धीका कार्यक्रम गरिए मानव बेचबिखनजस्तो जघन्य अपराध न्यूनीकरण गर्न सकिने शुक्लाफाँटा नगरपालिकाकी नगर उपप्रमुख कल्पना पन्तले बताइन् ।

इलाका प्रहरी कार्यालय झलारीका प्रहरी निरीक्षक राजेश बस्नेतले सीमाक्षेत्रमा मानव बेचबिखन रोकथाम चुनौतीपूर्ण भए पनि समुदायको सक्रियता र सरकारी-गैरसरकारी निकायको सहकार्यलाई बढाउन सकिए समस्या कम गर्न सकिने विश्वास व्यक्त गरे ।

'मानव बेचबिखन नियन्त्रणका लागि स्थानीय, प्रादेशिक र संघीय सरकारबीच बलियो समन्वय र सहकार्य अपरिहार्य छ,' उनले भने, 'न्यायिक प्रक्रियालाई छिटोछरितो बनाउन, तालिम तथा सीप विकासमार्फत रोजगारीको अवसर सिर्जना गर्न र डिजिटल माध्यम प्रयोग गरेर दिगो सेवा सुनिश्चित गर्न आवश्यक छ ।' मानव बेचबिखन रोकथामका लागि सचेतना, कानुन कार्यान्वयन, सुरक्षा सुदृढीकरण र समुदायस्तरको सक्रिय अभियान नै प्रभावकारी उपाय रहेको उनी बताउँछन् । *रासस*

# 'फोहोर व्यवस्थापनमा पोखराले धनगढीबाट सिक्न सक्छ'



■ प्रभाव संवाददाता

**गण्डकी–** 'सडक, पुल, भवन नभई हाम्रो नगर गौरवको योजना फोहोर व्यस्थापन र सरसफाइ प्रवर्द्धन हो,' कैलालीको धनगढी उपमहानगरपालिका प्रमुख गोपी हमालले यसो भनिरहँदा कार्यक्रमका सहभागीले परर ताली बजाए । प्रमुख हमालले भने, 'फोहोर व्यवस्थापनमा जनशक्ति, स्रोतसाधन छैन भनेर गुनासोमात्र गरेर बस्ने होइन, हामीले फोहोर नै नगर्ने बानी बसाल्नुपर्छ ।' उनको यो भनाइमा फोहोर व्यवस्थापनमा व्यापक सामुदायिक सचेतना र जनसहभागिताको खाँचो रहेको भाव थियो ।

फोहोर व्यवस्थापनमा धनगढी उपमहानगरपालिकाले अपनाएको सीप, प्रविधि र असल अभ्यासबारे अनुभव आदानप्रदानका लागि पुगेको पोखरा महानगरपालिकाको टोलीसमक्ष धनगढीका प्रमुख हमालले फोहोर व्यवस्थापनमा अन्तरपालिका समन्वय र सहकार्यमा जोड दिए । 'पोखराले गरिरहेको काम हाम्रा लागि अनुकरणीय हुनसक्छ, धनगढीबाट पोखराले पनि सिक्न सक्छ,' उनले भने, 'कम प्राथमिकतामा परिरहेको फोहोर व्यवस्थापनलाई स्थानीय सरकारले पहिलो प्राथमिकतामा राख्नुपर्छ । मान्छे र प्रकृति स्वस्थ र स्वच्छ भएमात्र अरू गतिविधि सही ढंगले अगाडि बढाउन सकिन्छ ।'

'हाम्रो धनगढी, सफा धनगढी' र 'हाम्रो धनगढी, हामी बनाउँछौं' भन्ने आदर्श वाक्यलाई आत्मसात् गर्दै फोहोरमैला व्यवस्थापन र हरियाली प्रवर्द्धन कार्यक्रम सञ्चालन भइरहेको उपमहानगरप्रमुख हमालले बताए। अवलोकन भ्रमणका लागि पुगेको महानगरपालिकाको टोलीले त्यहाँ सञ्चालनमा रहेको फोहोर व्यवस्थापनसम्बन्धी आयोजनाको स्थलगत अध्ययन तथा अवलोकन गरेको थियो । धनगढी-२ सरस्वती नगरमा रहेको बायोग्यास प्लाण्ट, फोहोरको सूक्ष्म वर्गीकरण केन्द्र र निर्माणाधीन स्वास्थ्यजन्य फोहोर व्यवस्थापन केन्द्रको अवलोकन गरिएको थियो ।

उक्त टोलीले धनगढी-७ पटेलामा निर्माणाधीन एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्रको पनि अवलोकन गरको थियो । करिब एक अर्ब रूपैयाँको लागतमा बन्ने उक्त आयोजनाको भौतिक प्रगति ८० प्रतिशत पुगेको निर्माण कम्पनीले जानकारी दिएको छ । एसियाली विकास बैंकको सहुलियत दरको ऋण सहयोगमा संघ सरकार र उपमहानगरपालिका मिलेर उक्त केन्द्रको निर्माण सुरू गरेका थिए । ३० वर्षसम्म फोहोर व्यवस्थापन हुनेगरी उक्त केन्द्र बन्न लागेको हो।

उपमहानगरपालिकाका वातावरण अधिकृत अशोक अवस्थीले २२ हेक्टर क्षेत्रफलमा सार्वजानिक-निजी साझेदारीमा एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण भइरहेको बताए । निजी कम्पनीको लगानीमा फोहोरबाट बायोग्यास प्लाण्ट बनिसकेकाले छिट्टै व्यावसायिक उत्पादन सुरू हुने जनाइएको छ । उपमहानरपालिका, सेभ द चिल्ड्रेन र जेआइजेडको लगानी तथा सहकार्यमा स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण भइरहेको वातावरण अधिकृत अवस्थीले बताए । फोहोरको सूक्ष्म वर्गीकरण र प्रशोधनको जिम्मा पनि निजी क्षेत्रलाई दिइएको उनले जानकारी दिए । त्यस क्रममा सरसफाइमा नमूना काम गरेको स्थानीय आदर्श टोल र सर्वोदय माध्यमिक विद्यालयको पनि अवलोकन गरिएको थियो ।

हरियाली प्रवर्द्धन कार्यक्रमअन्तर्गत आफ्ना दिवंगत आफन्तजनको स्मृतिमा सडक किनारामा रूख रोप्ने अभियान अनुकरणीय लागेको पोखरा महानगरपालिकामा सञ्चालित 'रिसाइकलिङ र अपसाइकलिङमार्फत हरित रोजगारी सिर्जना परियोजना'का सहजकर्ता नेत्र तिमिल्सिनाले बताए । 'फोहोर व्यवस्थापनमा धनगढीले गरेको लगानी, सामुदायिक अभियान, नीतिगत र कानुनी संरचनाको कार्यान्वयन हाम्रा लागि पनि महत्त्वपूर्ण सिकाइ बन्यो,' उनले भने, 'धनगढीमा सफल भएका असल अभ्यासलाई पोखरामा पनि लागू गर्छौं ।'

सहरी क्षेत्रमा चुनौती बनेको फोहोर व्यवस्थापनमा स्थानीय तहबीच सहकार्य हुनुपर्ने भन्दै तिमिल्सिनाले फोहोरको उचित व्यवस्थापनमार्फत आयआर्जनका गतिविधि एवं रोजगारी सिर्जना गर्नुपर्नेमा जोड दिए ।

धनगढीमा प्लास्टिकजन्य फोहोर नियन्त्रणका लागि गुट्खालगायत एकपटक प्रयोग गरेर फाल्ने प्लास्टिकलाई प्रतिबन्ध लगाइएको छ । ९५ प्रतिशत फोहोर घरघरबाटै वर्गीकरण भएर फोहोर व्यवस्थापन केन्द्रमा आउने व्यवस्था मिलाइएको छ । फोहोरमैलाको दिगो समाधानका लागि व्यक्तिको व्यवहार परिवर्तन नै मुख्य कुरा हो भनेर धनगढीले सञ्चालन गरेको अभियान अनुकरणीय रहेको तिमिल्सिनाको भनाइ छ । उनले भने, 'विद्यालय र समुदाय परिचालनमा पनि धनगढीको अभ्यास राम्रो देखियो ।'

फोहोरमैला व्यवस्थापनमा नमुनायोग्य काम गरेका स्थानीय तहबीच असल अभ्यास आदानप्रदान गर्न गत सोमबारदेखि शुक्रबारसम्म गरिएको अवलोकन भ्रमणमा पोखरा महानगरपालिकाका कर्मचारी, परियोजनाका कर्मचारी, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमलगायत विभिन्न संघसंस्थाका प्रतिनिधिहरू सहभागी थिए । कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सहयोगमा पोखरा महानगरपालिकामा 'रिसाइक्लिङ र अपसाइक्लिङमार्फत हरित रोजगारी सिर्जना परियोजना' सञ्चालनमा छ । यसले हरित रोजगारी प्रवर्द्धन गर्दै ठोस फोहोरमैलाबाट सिर्जना हुने प्रदूषण तथा नकारात्मक वातावरणीय प्रभावलाई न्यूनीकरणमा टेवा पुग्ने जनाइएको छ ।

परियोजनाले फोहोर संकलन तथा ढुवानी र वर्गीकरणका लागि सामुदायिक सचेतना अभिवृद्धिको काम पनि गर्दै आएको छ । त्यसका लागि १३६ वटा टोल संस्था परिचालन गरिएको छ। सन् २०२४ देखि सुरू भएको उक्त परियोजना सन् २०२९ सम्म सञ्चालन हुने पोखरा महानगरपालिकाले जानकारी दिएको छ ।


## Chaudandigadhi Municiplity
**Office of the Municipal Executive**
**Beltar, Udaypur**
**Koshi Province, Nepal**

**Invitation for Bids for the supply and delivery of Sanitary Pad**

**First published date: 2082-05-22**

1. Chaudandigadhi Municiplity invites electronic bids from eligible bidders for the procurement of following Goods under National competition Bidding (NCB) of Single stage single envelope Procedure.

| Contract Identification No. | Description | Bidding Document Cost, Nrs | Bid Security, Nrs | Remark |
|---|---|---|---|---|
| 03/CGM/GOODS/ 2082/083 | Sanitary Pad | 3000/- | 77,000/- | All others not mentioned in description will be as per approved technical specification |

2. Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Chaudandigadhi Municipality or may visit e-GP system www.bolpatra.gov.np/egp
3. Electronic Bidding Document is available online and can be downloded on or before 12:00 Hours on 31st day from the date of publication. Documents received after this deadline shall not be accepted on 31st day from the date of publication.
4. The Bidder shall be required to deposit the non-refundable fee of NRs. 3,000 in the Internal Revenue account as specified below and electronic scanned copy (pdf format) of the Bank deposit voucher shall also be submitted along with the electronic bid files.

**Information to deposit the cost of Bidding Document in Bank:**
**Name of Bank:** Rastriya Banijya Bank, Beltar, Udayapur.
**Name of office:** Chaudandigadhi Municipality, Beltar, Udayapur.
**Rajaswa (Internal Revenue) account no:** 2370100301010002
**Name of Office-** CHAUDANDIGADHI NA.PA.(GA-1-1)-AANTA
**Rajaswa (revenue) Shirshak No.** 14229

5. Bidder Shall submit the electronic bid through website http://www.bolpatra.gov.np/egp on or before 12:00 hours on or before 31st day from the date of publication as specified in the Instructions to Bidders. Bids received by the above mentioned deadline shall be opened electronically in the presence of Bidders' representatives who choose to attend at the address above at 14:00 Hours on 31st day from the date of publication .
6. In the case of discrepancies or error in bid documents, bid notice or any other documents, Chaudandigadhi Municiplity reserves the right to amend and correct at any time. The figure for the bid amount must be clear if any discrepancy may occur then the figure written in word is valid.
7. Bids must be valid for a period of ***90 days*** counting from the day of bid opening and must be accompanied by bid security amounting as stated above deposited at-

**Information to deposit the cost of Bid Security in Bank:**
**Account No. - 2370100303000002**
**Account Name- CHAUDANDIGADHI NA.PA. (GA-3)- DHARAUT**
**Name of Bank:** Rastriya Banijya Bank, Beltar, Udayapur.
or bid bond authorized from a recognized commercial bank of Nepal, which shall be ***valid for minimum 30 days*** beyond the bid validity period.

8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
9. Bids should comply in all respects with the Instruction to Bidder included in the Bid Document. Non compliance with this instruction shall result in disqualification.
10. Chaudandigadhi Municiplity reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
11. All other conditions of the bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064.

**Chief Administrative Officer**

प्रभाव दैनिक

रूपशाला



## 'धागो' को पहिलो गीत 'ट्याउँ ट्याउँ' सार्वजनिक

अभिनेत्री सुरक्षा पन्तको मुख्य भूमिका रहेको फिल्म 'धागो'को पहिलो गीत 'ट्याउँ ट्याउँ' सार्वजनिक गरिएको छ । गायक पुष्पन प्रधान र गायिका आकांक्षा थापाको स्वर रहेको गीतमा शब्द र सङ्गीत पनि पुष्पन प्रधानकै छ । रोमान्टिक शैलीको गीतमा अभिनेता बुद्धि तामाङ, अभिनेत्री वर्षा राउत, सुरक्षा पन्त, प्रभात थापा र सुरभि थापा लगायतका कलाकारहरू देखिएका छन् ।

आइतबार, २२ भदौ २०८२ (Sunday, 07 September 2025)

# मुन्धुमी जीवन दर्शन बुझाउने 'सेक्मुरी फूल'



■ प्रभाव संवाददाता

**काठमाडौं–** आख्यानकार मनु योङहाङद्वारा लिखित उपन्यास 'सेक्मुरी फूल' विमोचन गरिएको छ । मुन्धुम र बौद्ध दर्शनबीचको देशना, विमर्श र संवादमा आधारित उपन्यासको शनिबार विमोचन गरिएको हो । यो योङहाङको आठौं कृति हो ।

उपन्यासको विमोचन गर्दै नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति बैरागी काइँलाले उपन्यासले पाठकलाई बौद्ध र लिम्बू दर्शनसँगै मुलुकमा विद्यमान जीवन दर्शनको परिचय गराउने बताए । उनले उपन्यासमा मिथक र शैलिगत विचित्रताको प्रयोगबारे चर्चा गरे । 'पाठकहरूलाई मुन्धुम दर्शन के हो भन्ने जानकारी हुन्छ । जीवन दर्शनका अन्य विषय जानकारी हुन्छ । हामी ज्ञान मिमांसाको क्षेत्रमा कति धनी छौं भन्ने ज्ञान हुन्छ', आयामेली कवि काइँलाले भने ।

उपन्यासकार योङहाङले मुन्धुम दर्शन एक समुदायमा मात्र सीमित नहोस् भन्ने मनसायले सबै समुदायका पाठकमा यसका महत्व पुऱ्याउन उपन्यासले सहयोग गर्ने विश्वास व्यक्त गरे । उनले यसअघि आफ्नो कृति 'थोक्फेला (लालीगुरासँको फूल)' को प्रकाशनपछि पाठकको सुझावअनुसार नै यसपटक 'सेक्युमरी फूल' लेखिएको प्रसंग उल्लेख गरे ।

'कतिपय पाठकले जीवनदर्शन बुद्धकालीन समय र किरातकालीन मुन्धुम परिवेशलाई आधार बनाइ एउटा कृति लेख्नुहोस् भनेपछि मैले विसं २०६५ मा यो पुस्तक तयार गरेको थिए', लेखक योङहाङले भने, 'यसमा मैले बुद्धकालीन घटना र समय, थेरबाद हीनयान सम्प्रदायमा आधारित भएर लेखेको छु । मुन्धुमी परिवेशलाई पाठकसमक्ष पुऱ्याउने प्रयत्न गरेको छु ।'

उपन्यासमाथि टिप्पणी गर्दै साहित्यकार कृष्ण धरावासीले मुन्धुमी जीवन दर्शनमा आधारित लेखनले हाम्रा दर्शनहरूको बलियो पक्ष साक्षात्कार गर्ने धारणा राखे । 'पश्चिम साहित्यका सिद्धान्त आए, आइरहेका छन् । ती सिद्धान्तलाई जस्ताको त्यस्तै अनुकरण नगरेर यी सिद्धान्तमा हाम्रो मुन्धुम, वेद, उपनिशदमा के समानता र भिन्नता छन् भन्ने लेख्न तथा अध्ययनबाट खोज्न आवश्यक छ', उनले भने ।

उपन्यासबारे डा सञ्जिव हुमागाईं, अनुपमा रेग्मी र दीपक लुंगेली मगरले समीक्षा गरेका थिए । उनीहरूले यस उपन्यासमा बुद्धदर्शन र लिम्बू दर्शनको उठान गरिएकाले पठनीय रहेको बताए । यस उपन्यासबाट जीवनको मूल्यमान्यता बुझाउने प्रयत्न गरेको वक्ताहरूको विश्लेषण थियो ।

हिलिहाङ डटकमका लागि रीता थाम्सुहाङद्वारा प्रकाशित यस उपन्यासमा तीन भाग छन् । पहिलो भागमा आत्मनिष्ठताः उत्सुकता, दोस्रो भागमा आत्मबोधः देशना र मुन्धुम र तेस्रो भागमा आत्मसातः प्रतिविम्ब रहेको छ । सेक्मुरी फूललाई किरात मुन्धुममा जीवनको प्रतीक मानिन्छ । लेखकको यसअघिको कृति थोक्फेलाको दोस्रो श्रृंखलाको रूपमा यस उपन्यासलाई लिइएको छ ।

# 'मिसेस नेपाल वर्ल्ड- २०२५' मा छानिएकालाई ट्याग नम्बर र स्यास प्रदान

■ प्रभाव संवाददाता




**काठमाडौं–** विवाहित महिलाहरूको सौन्दर्य प्रतियोगिता 'मिसेस नेपाल वर्ल्ड २०२५'को अन्तिम स्पर्धामा चयन हुन सफल ३० जना महिलालाई ट्याग नम्बर र स्यास प्रदान गरिएको छ । राजधानीमा आयोजित कार्यक्रमबीच उनीहरूलाई ट्याग नम्बर र स्यास प्रदान गरिएको हो ।

राजधानीको प्रदर्शनीमार्गस्थित नेपाल पुलिस क्लबमा सम्पन्न स्यासिङ सेरोमनीमा मिसेस नेपाल वर्ल्ड २०२५ को अन्तिम स्पर्धाका लागि चयन भएका उनीहरूलाई ट्याग नम्बर र स्यास प्रदान गरिएको हो ।

अडिसनमार्फत् देशका विभिन्न भागका महिलाहरू छनोट भई अन्तिम प्रतिस्पर्धामा पुगेका हुन् । ग्रयान्ड फाइनलको झल्को दिने गरी भव्यताका साथ सम्पन्न स्यासिङ सेरोमनीमा सहभागीले आफ्ना परिचय प्रस्तुत गरेका थिए । मिसेस नेपाल वर्ल्डको आयोजक संस्था रिवन इन्टरटेनमेन्टका अध्यक्ष निशुकान्त झाका अनुसार यस संस्करणमा गृहिणी, चिकित्सक, इन्जिनियर, व्यवसायी, स्वास्थ्यकर्मी, शिक्षासेवी, फेसन डिजाइनर, नर्स, कर्मचारी, महिला अधिकारवादी, कानुन व्यवसायी, समाजसेवीदेखि पाइलटसम्मका महिलाहरू प्रतिस्पर्धामा रहेका छन् ।

यो संस्करणमा चितवनबाट सञ्जु भट्ट, खोटाङबाट इमायुङ राई, सुजाता खनाल, रोजी थापा र चन्द्रकला राई, सर्लाहीबाट कञ्चन झा, ललितपुरबाट श्रीनी ढकाल, रविना महर्जन, कल्पना विष्ट, रञ्जना बुधाथोकी, कुसुम खड्का र सृजना विष्ट, विराटनगरबाट पुजन ढकाल, काभ्रेपलान्चोकबाट अरुणा लामा, नेपालगन्जबाट एलिना केसी, सुदूरपश्चिमबाट विद्या चौहान, रामेछापबाट निर्मला सुनुवार, लुम्बिनीबाट तारा खनाल र रक्षा पन्त, इटहरीबाट दीपिका तामाङ, तेह्रथुमबाट सुम्निमा खापुङ, कीर्तिपुरबाट बिनिता अधिकारी, नवलपरासीबाट गंगा लामिछाने, स्याङ्जाबाट विष्णु भण्डारी, मकवानपुरबाट सरस्वती विश्वकर्मा, काठमाडौंबाट सजनी जोशी, सुमिना महर्जन र विष्णु तिमिल्सिना, भक्तपुरबाट सुभाना रोक्का, झापाबाट करुणा श्रेष्ठ अन्तिम प्रतिस्पर्धाका लागि छनोट भएका छन् ।

कार्यक्रममा विभिन्न गीत संगीत र नृत्यसमेत प्रस्तुत गरिएको थियो । उक्त अवसरमा विद्यार्थी कलाकारले नृत्य प्रस्तुत गरेका थिए भने गायक तथा सङ्गीतकार ओम सुनार र लोकप्रिय गायिका तथा कार्यक्रम प्रस्तोता जुनु रिजालले आफ्नो गीत प्रस्तुत गरी मनोरञ्जन प्रदान गरेका थिए ।

प्रतियोगिताको ग्रान्ड फिनाले आगामी असोज २८ गते कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजना गरिनेछ । प्रतियोगितामा कोरियोग्राफर आश्विनीकान्त झा रहनेछन् भने नृत्य कोरियोग्राफी सन्दीप भुजेलले सम्हाल्नेछन् । सहायक कोरियोग्राफर आईना गजुरेल हुनेछन् । समन्वय सम्राट् शाह र गङ्गा महर्जनले गर्नेछन् भने प्रशिक्षक टोलीमा सञ्चार, सौन्दर्य, नेतृत्व विकास, व्यक्तित्व निर्माण तथा सामाजिक उत्तरदायित्वका विज्ञहरूको सहभागिता रहेको छ ।

मिसेस नेपाल वर्ल्ड २०२५ को विजेताले अमेरिकामा आयोजना हुने मिसेस वर्ल्ड २०२५ मा नेपालको प्रतिनिधित्व गर्नेछिन् । यसअघि २०२१ मा दिक्षा केसी, २०२३ मा पृथ्वीया थापा र २०२४ मा डेनिला कार्कीले उपाधि जितेका थिए । थापाले मिसेस वर्ल्ड २०२३ मा सहभागी भई ह्युम्यानिटेरियन अवार्ड जितेर नेपालको नाम अन्तर्राष्ट्रिय स्तरमा उजागर गरेकी थिइन् । आयोजक झाका अनुसार यस संस्करणलाई अन्तर ाष्ट्रिय उचाइमा पुऱ्याउन विशेष तयारी गरिएको छ ।

रंगशाला

# नेपाल र बंगलादेश गोलरहित बराबरी



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल र बंगलादेशविरुद्धको पहिलो अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा गोलरहित बराबरीमा सकिएको छ । शनिबार त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सम्पन्न खेलमा दुवै टोलीले गोल गर्ने अवसर पाए पनि सदुपयोग गर्न नसक्दा खेल बराबरीमा सकिएको हो ।

दुबै टोलीबाट सुरुआती ४५ मिनेटमा समान एक 'सट्स अन टार्गेट' सम्भव भएका थिए । यी दुवै अवसरमा गोलकिपरले उत्कृष्ट प्रदर्शन गर्दा खेलमा गोल सम्भव भएन ।

खेलको १०औं मिनेटमा बंगलादेका कप्तान जमल भुयाँको कर्नर क्रसमा राकिब होसेनको हेडमार्फत बललाई पोस्टको दिशा दिए पनि नेपालका कप्तान एव गोलकिपर किरण चेम्जोङले नेपालको खतरा टारिदिए ।

खेलको मध्यतिर प्राप्त फ्रिकिकमा नेपालले पाएको सुन्दर अवसर गोलमा परिणत नहुँदा नेपालले अग्रता लिने अवसर गुमायो । लेफ्ट साइडबाट मिडफिल्डर मणि लामाको प्रहारमा रक्षक अनन्त तामाङले हेडमार्फत बललाई दोस्रो बारको दिशा दिएका थिए । तर, गोलकिपर मोहम्मद सुजोन होसेनले उत्कृष्ट बचाउ गरेका थिए । यसअघि अञ्जन विष्ट भुयाँबाट फउल भएका थिए । जसका कारण नेपालले सेटपीस अवसर प्राप्त गरेको थियो ।

त्यसको केही लगत्तै नेपालले त्यही क्षेत्रमा अर्को फ्रिकिक पाए पनि मणिको बललाई किपरले सहजै बचाएका थिए । निर्धारित पहिलो हाफ सकिन ६ मिनेट बाँकी रहँदा सुमोन रेजाले गरेको प्रहार क्रस-बारभन्दा माथिबाट बाहिरयो । किरण अगाडि आएको मौकामा सुमोनले बक्स भित्रबाट गोलको प्रयास गरेका थिए ।

खेलको ६८औं मिनेटमा फरवार्ड जिलेश्पीजंग कार्कीले बक्स बाहिरबाट गरेको शक्तिशाली प्रहार सुजोनले बचाए ।

१० मिनेटपछि बैकल्पिक खेलाडीका रूपमा मैदान प्रवेश गरेका मोहम्मद ताज उदीनले बक्स बाहिरबाट गोलको प्रयास गरे । उनको प्रहारलाई किरणले कठिनाईका साथ नियन्त्रणमा लिएका थिए । त्यसपछि खेलमा कुनै पनि गोल हुन नसकेपछि मैत्रीपूर्ण खेल बराबरीमा टुंगिएको थियो । दोस्रो मैत्रीपूर्ण खेल सेप्टेम्बर ९ अर्थात् मंगलबार हुनेछ ।

# विश्व उसु च्याम्पियनसिपमा विजयको ऐतिहासिक प्रदर्शन

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाली राष्ट्रिय खेलाडी विजय सिन्जालीले १७औं विश्व च्याम्पियनसिपमा ऐतिहासिक प्रदर्शन गरेका छन् । शुक्रबार राति ब्राजिलको ब्रासिलिया शहरमा विजयले उसु थाउलोको पुरुष जेन्सु विधामा ९.७१० अंक प्राप्त गरे ।

विजय सहभागी ३६ मध्ये छैटौं स्थानमा अटाउन सफल भएको प्रशिक्षक निकेश श्रेष्ठले बताए । यद्यपि विजयले पदक जित्न भने सकेनन् । यो विधामा मलेसियाले स्वर्ण, मकाउले रजत र हङकङले कास्य पदक जिते ।

प्रशिक्षक श्रेष्ठका अनुसार यो प्रदर्शनसँगै विजयले अन्तर्राष्ट्रिय उसु महासंघ (आईडब्लूएफ)ले आयोजना गर्ने मुख्य प्रतियोगितामा छनोट हुने सम्भावना बलियो बनाएका छन् । '२१ वर्षदेखि लगातार यो खेल खेल्दै आएको छु । पहिलो पटक यस्तो प्रदर्शन गर्न सफल हुँदा निकै गर्व लाग्छ,' विजयले भनेका छन् ।

विजयले यसअघि गत वर्ष जापानमा सम्पन्न उसुको तेस्रो थाउलो विश्वकप २०२४ मा नेपाललाई ऐतिहासिक कास्य पदक दिलाएका थिए । विजयले जेन्सु विधामा ९.६३६ अंक ल्याउँदै काँस्य पदक जितेका थिए । उनले ब्राजिलमा ल्याएको अंक गत वर्षको थाउलो विश्वकपको भन्दा ०.७४ अंकले बढेको हो ।

यता, महिलातर्फ पनि सुस्मीता तामाङले ऐतिहासिक अंक प्राप्त गरेकी छिन् । थाउलोको छानछ्वान विधामा सुस्मीताले ९.७०६ अंक पाइन् । जुन नेपाली महिला खेलाडीले पाएको अहिलेसम्मकै दुर्लभ अंक रहेको प्रशिक्षक श्रेष्ठले बताए ।

विश्व च्याम्पियनसिपमा ४ नेपाली खेलाडीले प्रतिस्पर्धा गरिरहेका छन् । अर्का खेलाडी दिपक हमालले नानकुन विधामा ९.५३६ र नान ताउमा ९.२६६ अंक पाउँदा निमा घर्तीमगरले नानकुनमा विधामा ८.७४० र नानताउमा ८.६५० अंक प्राप्त गरेका छन् ।

